# धरौट र जमानीसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६६

अदालतबाट मुद्दामा मागिने धरौट वा जमानी लिनेसम्बन्धी कार्यविधिमा एकरुपता ल्याई सो सम्बन्धी कार्यविधिलाई व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ११६ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायको निर्देशिका जारी गरेको छ।

## परिच्छेद्- १
## **प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**- (१) यो निर्देशिकाको नाम "धरौट र जमानीसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६६" रहेको छ।

२. यो निर्देशिका सर्वोच्च अदालतले तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

३. **परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -
   (क) "अदालत" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत, विशेष अदालत र जिल्ला अदालतलाई सम्झनु पर्छ।
   (ख) "धरौट" भन्नाले सुरक्षणस्वरुप राखिएको नगद रुपैयालाई सम्झनु पर्छ।
   (ख) "जमानत" भन्नाले मागिएको धरौटबापत जेथा वा बैंक ग्यारेण्टीका रुपमा जमानी लिने कार्यलाई सम्झनु पर्छ।
   (ग) "बैंक" भन्नाले बैक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम नेपाल राष्ट्र बैंकवाट इजाजत पाई स्थापना भएको बैंकलाई सम्झनु पर्छ।
   (घ) "क वर्गको बैंक" भन्नाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ३१ बमोजिम नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त बैंक सम्झनु पर्छ।

## परिच्छेद्- २
## **धरौट वा जमानतको प्रकृति**

४. **धरौट वा जमानतको प्रकृतिः-** (१) धरौट वा जमानत देहायबमोजिम हुनेछन् :-

   (क) नगद धरौट,
   (ख) जेथा जमानत
   (ग) बैंक ग्यारेण्टी

   (२) धरौट वा जमानत दिने पक्षले उपनियम (१) मा उल्लिखित कुनै पनि प्रकृतिको जमानत दिन सक्नेछ।

५. **धरौट वा जेथा जमानत राख्न निवेदन दिनुपर्नेः**- फैसला वा आदेशबमोजिम धरौट वा जमानत राख्न पक्षले सम्बन्धित अदालतमा तोकिएबमोजिम निवेदन दिनुपर्नेछ।

परिच्छेद्-३

**धरौटसम्बन्धी व्यवस्था**

६. **धरौट राख्न दिने निवेदनमा खुलाउनु पर्ने कुराहरूः-** फैसला वा आदेशबमोजिम धरौट राख्न चाहने पक्षले देहायका कुराहरू खुलाई अनुसूची-१ को ढाँचामा निवेदन दिनुपर्नेछ -

(क) मुद्दामा आफू वादी वा प्रतिवादी वा पुनरावेदक वा निवेदक के हो सो कुरा,

(ख) विपक्षीको नाम र मुद्दामा निजको हैसियत,

(ग) मुद्दाको नाम ,

(घ) धरौट माग गर्ने इजलास वा अधिकारी वा फैसला गर्ने न्यायाधीश र अदालत,

(ङ) धरौट माग गर्ने आदेश वा फैसला मिति, र

(च धरौट मागिएको रकम ।

७. **धरौट राख्न दिने आदेशः-** धरौट राख्न दिन मनासिव देखिएमा सम्बन्धित अधिकारीले अनुसूची-२ बमोजिम आदेश दिनुपर्नेछ ।

८. **धरौट दाखिल गर्नेः-** आदेश वा फैसलाअनुसार निवेदनसाथ नगद धरौट राख्न ल्याएमा सम्बन्धित फांटले पत्र लेखी आर्थिक प्रशासन शाखामा सो नगद पठाउनु पर्छ । आर्थिक प्रशासन शाखाले पनि नगद बुझिलिई सोको रसिद सम्बन्धित फांटमा मिसिल सामेल राख्नका लागि पठाई दिनुपर्छ ।

९. **धरौट जफत हुने कागज गराउनेः-** आर्थिक प्रशासन शाखामा धरौट रकम जम्मा गरेको रसिद प्राप्त भएपछि मुलुकी ऐन अ.वं.१२४ क नं. बमोजिम धरौट दाखिला गर्ने व्यक्तिबाट जमानत जफत हुने शर्तसहितको अनुसूची-३ बमोजिमको कागज गराई कानूनबमोजिम तारेखमा राख्नुपर्छ ।

परिच्छेद्- ४

**बैंक ग्यारेण्टी**

१०. **बैंक ग्यारेण्टीः-**

(१) मुद्दामा धरौट वा जमानत माग भएकोमा सोबापत पक्षले बैंक ग्यारेण्टी दिन चाही बैंक ग्यारेण्टी दिएमा अदालतले सो स्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बैंक ग्यारेण्टी स्वीकार गर्दा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त बैंकले जारी गरेको ग्यारेण्टीमात्र स्वीकार गरिनेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि "क" वर्गका बैंकको नेपाल राष्ट्र बैंकबाट प्राप्त आवधिक सूची सर्वोच्च अदालतले अदालतहरूलाई बेला-बेलामा उपलव्ध गराउनेछ ।

(४) पक्षले अदालतलाई उपलव्ध गराउने बैंक ग्यारेण्टी समय-समयमा नवीकरण गराई रहनु नपर्ने स्थायी प्रकृतिको हुनुपर्नेछ ।

(५) मुद्दाको अन्तिम किनारा लागेपछि बैंक ग्यारेण्टीको रकम अदालतलाई भुक्तानी गर्न वा फुकुवा गरिदिन अदालतले सम्बन्धित बैंकलाई पत्र पठाउनेछ ।

(६) ग्यारेण्टी जारी गर्ने बैंकले उपदफा (५) बमोजिम बैंक ग्यारेण्टी फुकुवा गर्नुपूर्व सम्बन्धित अदालतसँग सहमति लिनुपर्नेछ ।

(७) बैंक ग्यारेण्टी दिने पक्षले बैंकसँग गरेको सम्झौताको प्रतिलिपि अदालतमा पेश गर्नुपर्नेछ ।

तर, त्यस सम्झौतामा लेखिएका कुनै पनि कुरा अदालतलाई बाध्यकारी हुने छैनन् ।

(८) कुनै बैंकबाट खास पक्षका निमित्त जारी भएको स्थायी प्रकृतिको बैक ग्यारेण्टीको जानकारी एक महिनाभित्र सम्बन्धित अदालतले सर्वोच्च अदालतलाई दिनुपर्नेछ ।

(९) बैंक ग्यारेण्टी स्वीकार गरिएको विवरणको सर्वोच्च अदालतले तोकिएबमोजिम अभिलेख राख्नेछ ।

(१०) अदालतले जमानतका रुपमा बैंक ग्यारेण्टी स्वीकार गर्नुपूर्ब देहायका कुरामा विश्वस्थ हुनुपर्नेछः

(क) मुद्दाको अन्तिम किनारा भई अदालतले फुकुवा पत्र नपठाएसम्म ग्यारेण्टी अदालतको हितमा सुरक्षित छ वा छैन ?

(ख) बैंकका कुनै पनि शर्त मान्य नहुने हुंदा, अदालतको हित प्रतिकूलका कुनै शर्त उक्त बैंक ग्यारेण्टी पत्रमा छन् वा छैनन् ?

(ग) अदालतले माग गरेको अवस्थामा ग्यारेण्टीको रकम बैंकबाट अदालतलाई भुक्तानी हुन कुनै कठिनाई छ वा छैन ?

(११) अदालतबाट बैक ग्यारेण्टी स्वीकार गर्न सकिने अवस्था भएमा बैक ग्यारेण्टी प्रस्तुत गर्ने पक्षसँग अ.बं. १२४ क नं. समेतको रित पुऱ्याई अनुसूची-३ बमोजिमको ढांचामा कागज गराउनु पर्नेछ ।

परिच्छेद्-५

## जेथा जमानी लिंदाको कार्यविधि

११. **जेथा जमानतका लागि निवेदन दिँदा खुलाउनु पर्ने कुराहरूः**- जेथा जमानतका लागि मांग गर्ने पक्षले देहायका कुराहरू खुलाई अनुसूची-४ को ढाँचामा निवेदन दिनुपर्नेछः -

(क) मुद्दामा आफू वादी वा प्रतिवादी वा पुनरावेदक वा निवेदक के हो सो कुरा,

(ख) विपक्षको नाम र हैसियत,

(ग) मुद्दाको नाम,

(घ) के कुन मितिको फैसला वा आदेशअनुसार जमानत राख्न लागिएको हो सो कुरा,

(ङ) मागिएको जमानत रकम

(च) जमानत दिन लागिएको जेथाको विवरण,-

(१) घर, जग्गा रहेको जिल्ला, महा / उपमहा / नगरपालिका, गा.वि.स., वा.नं. कित्ता नं. र क्षेत्रफल,

(२) घर, जग्गा रहेको ठाउँ र चार किल्ला,
(३) घर भए सोको बनोट (कच्ची वा पक्की) , कोठा कवल, तला र वर्ग फीट र घर बनेको साल,
(४) खरिद विक्री हुनसक्ने न्यूनतम् मूल्य,
(५) जग्गाका हकमा मालपोत कार्यालयले रजिष्ट्रेशनका लागि तोकेको मूल्य र घरका हकमा कर कार्यालय वा महा / उपमहा / नगरपालिका वा गा.वि.स.ले तोकेको मूल्य
(६) दर्तावालाको नाम,

(छ) अन्य व्यक्तिले जेथा जमानी दिन लागेको भए सो व्यहोरा, र
(ज) एउटै कलममा एकभन्दा बढी मानिसले जेथा जमानत दिने भए प्रत्येकको दायित्व वा हिस्सा ।

१२. **जेथा जमानतको निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:-** (१) जेथा जमानतको निवेदन दिंदा देहायका प्रमाणित कागजातहरू पनि साथै पेश गर्नुपर्नेछ -

(क) घर जग्गाको जग्गाधनी प्रमाणपूर्जा,
(ख) जग्गाको हकमा भए पछिल्लो वर्षको मालपोत तथा घरको हकमा भए कर तिरेको रसिद,
(ग) घर जग्गाको नक्साको प्रतिलिपि,
(घ) आफ्नो हकमा अरु कसैले जमानत दिने भए जमानत दिन अदालतद्वारा तोकिएका शर्तमा निजको मञ्जूरी भएको मञ्जूरीनामा,
(ङ) घर भए नक्सापास प्रमाणपत्र, गा.वि.स.का हकमा नक्सापास भए सो र सो नभए स्वीकृति वा सिफारिशपत्र,
(च) नक्सा पास नहुने ठाउँको भए चार किल्ला, मूल्य, घरको प्रकृतिसमेत खुलाइएको सिफारिश, र
(छ) निवेदक तथा मञ्जूरीकर्ताहरू भए निजहरूको समेत नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

१३. **जेथाको जाँचबुझ र मूल्याङ्कन:-** (१) जेथा जमानीको निवेदन पर्न आएपछि जेथाका सम्बन्धमा देहायका कुराहरू जमानी लिने अधिकारीले जाँचबुझ र मूल्याङ्कन गर्नुपर्छ :-

(क) निवेदनमा उल्लेख गरिएबमोजिमको मूल्य पर्ने हो वा होइन ?
(ख) जमानत दिन लागिएको सम्पत्तिको मूल्य घट्ने सम्भावना छ वा छैन ? छ भने कति प्रतिशत ?
(ग) अन्यत्रबाट वा अन्य विषयमा रोक्का छ छैन ?
(घ) सम्पत्ति कसको नाममा दर्ता छ र सो सम्पत्तिका हकदारहरू सबैको मञ्जूरी छ वा छैन ?
(ङ) उक्त जेथा कच्ची पक्की के हो, खोला पहिरो लाग्ने, भासिने सम्भावना छ छैन ?
(च) विजुलीको हाइटेनसन लाइन तथा राजमार्ग सीमा, निर्माणाधीन परियोजना समेतका अन्य भौतिक संरचनाका कारणले जेथाको मूल्य घट्ने सम्भावना छ छैन ?
(छ) जमानत दिन प्रस्तावित जग्गाको मूल्य मालपोत कार्यालय तथा घरको मूल्य कर कार्यालय वा महा / उपमहा / नगरपालिका वा गा.वि.स. को सिफारिशमा तोकिए भन्दा कम हुने हो, होइन ?
(ज) घरको हकमा कति वर्ष पहिलेदेखि नियमित रुपले कर दाखिल गरिएको छ ?

(२) जेथा जमानतको निवेदन परेपछि जाँचबुझका लागि गरिने आदेशको नमूना अनुसूची-५ मा दिइएको छ ।

**१४. जेथाको मूल्य कायम गर्नेः-**

(१) जमानतका लागि दिइएको जेथा जग्गा भए रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि तोकिएको मूल्य भन्दा बढी रकमका लागि स्वीकार गरिने छैन् ।

(२) मालपोत कार्यालयलाई जग्गाको मूल्य खुलाउन लेखिने पत्रको नमूना अनुसूची-६ मा दिइएको छ ।

(३) जमानतका लागि दिइएको जेथा घर भए महा / उपमहा /नगरपालिकाभित्रका घरको हकमा कर प्रयोजनको लागि महा / उपमहा नगरपालिकाबाट भएको मूल्याङ्कन बुझी र गा.वि.स. क्षेत्रको घर भए सम्बन्धित गा.वि.स.बाट मूल्याङ्कन गराई मूल्य कायम गर्नुपर्छ ।

(४) घरको मूल्य खुलाउन महा / उपमहा / नगरपालिकालाई लेखिने पत्रको नमूना अनुसूची- ७ मा र गा.वि.स.लाई लेखिने पत्रको नमूना अनुसूची-८ मा दिइएको छ ।

(५) उपदफा (१),(२),(३) र (४) का प्रक्रिया पूरा भएपछि अदालतले जमानत दिन प्रस्तावित जेथा जाँचबुझ गर्न आफ्ना कर्मचारी खटाउने छ ।

**१५. जेथाको जाँचबुझ गर्ने प्रक्रियाः-** (१) जमानत लिन प्रस्तावित जेथाको जाँचबुझ गर्न खटिएका अदालतका कर्मचारी जेथा रहेको ठाउँमै गई जाँचबुझ गर्नुपर्छ । जाँचबुझ गर्न कर्मचारी खटाइने पत्रको नमूना अनुसूची-९ मा दिइएको छ ।

(२) जेथाको जाँचबुझको लागि खटिएको कर्मचारीले नक्साबमोजिमको घर जग्गा यकीन गर्नुपर्दा आवश्यकताअनुसार अमीनको सहयोग लिन सक्नेछ ।

(३) जेथाको जाँचबुझका लागि खटिएका कर्मचारीले जेथाको नक्सासमेत साथैमा लिई सम्बन्धित ठाउँमा गई नक्साबमोजिमको घर जग्गा यकीन गरी उक्त घर जग्गाका हकमा दफा १३(१) मा उल्लिखित कुराका अतिरिक्त खेती लाग्ने भए उब्जाउपन कस्तो छ, व्यापारिक प्रयोजनका लागि भए घडेरी हुने वा नहुने कस्तो छ, खेती लाग्ने भए के कस्तो खेती लाग्ने हो, सडक सिंचाई आदिको प्रबन्ध कस्तो छ भन्ने समेतका कुरामा विचार गर्नुपर्नेछ ।

(४) जेथाको जाँचबुझका लागि खटिएका कर्मचारीले उपदफा (३) मा उल्लिखित कुराहरूलाई विचार गरी जेथाको स्थितिका बारेमा सांधसंधियार र स्थानीय भद्र भलादमीलाई राखी मुचुल्कासमेत गराउनु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम जाँचबुझ गरेपछि खटिएको कर्मचारीले जमानतका लागि निवेदकले दिएको थेथाको निवेदकबाट प्रस्तावित मूल्य उचित वा अनुचित के कस्तो छ र जमानत लिन उपयुक्त हुने वा नहुने के हो भन्ने समेतका विषयमा मुचुल्काका अतिरिक्त आफ्नो किटानी राय समेतको प्रतिवेदन अदालतमा प्रस्तुत गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदनका हकमा सम्बन्धित अदालतको जेथा जमानत स्वीकार गर्ने अधिकारीले आवश्यक सम्झेमा स्वयम् जाँचबुझ गरी निर्णय गर्न सक्नेछ ।

१६. **जेथा रोक्का राख्नेः-** जेथाको जाँचबुझ र मूल्याङ्कन गर्दा जमानत लिन हुने र धरौट मागिएको रकम खाम्ने देखिएमा जमानत दिएको घर जग्गा यसभन्दा पहिले अन्य कुनै तरहले रोक्का छ छैन बुझी पहिले रोक्का नभए अदालतबाट फुकुवा भै नआएसम्मका लागि अन्यत्र बेचबिखन वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राखी पठाउन सम्बन्धित जेथाको विवरण खुलाई मालपोत कार्यालयमा अनुरोध गरी पठाउनु पर्छ। रोक्का राख्न लेखिने पत्रको नमूना अनुसूची-१० मा दिइएको छ।

१७. **जेथा मूल्याङ्कन र रोक्काको लागि एकै साथ अनुरोध गर्न सकिनेः-** (१) सर्वोच्च अदालत र पुनरावेदन अदालतबाट लिइने जेथा जमानतका हकमा सम्बन्धित जिल्ला अदालतमार्फत मूल्याङ्कन बुझ्दा रोक्कासमेत राखी पठाउन एकै साथ अनुरोध गर्न सकिनेछ।

(२) सर्वोच्च अदालत र पुनरावेदन अदालतबाट जिल्ला अदालतमार्फत जाँचबुझ गराउन लेखिने पत्रको नमूना अनुसूची -११ मा दिइएको छ।

१८. **जमानीको कागज गराउनेः-** (१) जेथाको जाँचबुझ र मूल्याङ्कन गर्दा प्रस्तावित जेथा जमानत लिन हुने देखियो र मालपोत कार्यालयबाट रोक्कासमेत भै आयो भने रितपूर्वकको जमानीको कागज गराई उक्त जेथा जमानत लिनुपर्छ। जेथा जमानी लिने आदेशको नमूना अनुसूची-१२ मा दिइएको छ।

(२) उपदफा (१) बमोजिम आदेश भएपछि गराइने जेथा जमानीको कागजको नमूना अनुसूची-१३ मा दिइएको छ।

(३) जमानीको कागज लेखाउँदा जमानी दिने र जमानी हुने दुवै थर राखी कागज गराउनु पर्छ।

१९. **धरौट वा जेथा जमानीको कागज गराउँदा बिचार पुऱ्याउनु पर्ने कुराहरूः-** धरौट वा जमानी स्वीकार गर्नुपूर्व देहायका कुराहरूमा रित पुगे वा नपुगेको कुरामा धरौट वा जमानी स्वीकार गर्ने अधिकारीले विचार गर्नुपर्छ :-

(१) अ.वं. १२४ क(२) अनुसार जमानतको अङ्क तोकी कागज गराउनु पर्ने,

(२) अ.वं. १२४ क(२) अनुसार जमानत दिनुपर्ने व्यक्तिले आफ्नै सम्पत्ति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा निजको अरु कुनै सम्पत्तिबाट असूल गर्ने शर्त उल्लेख गरी कागज गराउनु पर्ने,

(३) अ.वं. १२४ क(२) अनुसार जमानत दिनुपर्ने व्यक्तिका लागि अरु कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा जमानी हुने व्यक्तिको अरु कुनै सम्पत्तिबाट असूल गर्ने शर्त गराई कागज गराउनु पर्ने,

(४) अ.वं. १२४ क(३) अनुसार धरौट वा जमानत लिनु पर्ने व्यक्ति नावालक भए निजको सट्टा निजको संरक्षकबाट कागज गराउनु पर्ने,

(५) अ.वं. १२४ क(१) अनुसार कुनै व्यक्तिसँग धरौट लिँदा अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौट जफत हुने शर्त उल्लेख गरी कागज गराउनु पर्ने,

(६) जमानी गर्नेको १ नं अनुसार एउटै कलममा एकभन्दा बढी मानिसबाट जमानत लिंदा पनि दामासाहीले बुझाउने गरी जमानी लिएकोमा दामासाहीले हुने अङ्क र घटी बढीमा लिएको भए जमानी लिएको अङ्क पृथक खोली लेखाई लिनु पर्ने,

(७) जमानी गर्नेको ८ नं. अनुसार सोह वर्ष नपुगेका मानिसलाई कसैले जमानी लिंन नहुने,

(८) जमानी गर्नेको ९ नं.अनुसार जमानीको कागज लेखाउँदा जमानी दिने र जमानी हुने दुवै थर नराखी कागज गराएको सदर नहुने, र

(९) जमानी गर्नेको १ नं. अनुसार कागजपत्र नगरी मुखले मात्र जमानी लिएको सदर नहुने ।

परिच्छेद् - ६
**विविध**

२०. **नगद धरौट राखे जेथा फुकुवा हुनेः-** अदालतबाट मागिएको धरौटबापत नगद जम्मा गर्न नसकी जेथा जमानत दिएकोमा जुनकुकै बखत नगद धरौट जम्मा गर्न ल्याए अ.वं. १२४ क नं. को रित पुऱ्याई कागज गराई सोबापत राखेको जेथा फुकुवा गरिदिनु पर्छ ।

२१. **धरौट वा जमानत लिने अधिकारः-** फैसला वा आदेशानुसारको धरौट वा जमानत लिने अधिकार जिल्ला अदालतमा स्रेस्तेदार र अन्य अदालतमा रजिष्ट्रारलाई हुनेछ ।

२२. **जमानत परिवर्तनः-** (१) जेथा जमानत परिवर्तनको कार्य एक पटकभन्दा बढी गरिने छैन् ।

तर, निवेदकले दोस्रो पटक जमानत परिवर्तनका लागि गरेको मागका कारण जमानत स्वीकार गर्ने अधिकारीलाई मानवीय तथा संवेदनशील लागेमा अर्को थप एक पटकलाई जेथा जमानत परिवर्तन गर्ने अनुमति दिन सक्नेछ ।

(२) पहिले नगद धरौट राखेकोमा सोबापत जेथा लिई नगद फिर्ता गरिने छैन् ।

(३) जेथा परिवर्तन गर्दा पहिले राखेको जेथाभन्दा कम मूल्य पर्ने वा कमसल जेथा स्वीकार गरिने छैन ।

(४) नगद धरौट वा जेथा जमानत राखिएकोमा पक्षको निवेदनअनुसार बैंक ग्यारेण्टी लिने निर्णय भएमा सो लिई अदालतले नगद धरौट फिर्ता वा जेथा जमानत फुकुवा गर्नेछ ।

(५) जमानत परिवर्तन गरिँदा पछिल्लो जमानतको मूल्याङ्कन समेतका सम्पूर्ण कार्यविधि यसै निर्देशिकाबमोजिम अवलम्वन गरिने छ ।

२३ **प्रचलित कानूनबमोजिम हुनेः-** प्रचलित कानूनमा लेखिएकोमा सोहीवमोजिम र अन्यमा यस निर्देशिकाअनुसार हुनेछ ।

अनुसूची - १
**(दफा ६ सँग सम्बन्धित)**
(धरौट राखी पाउन दिने निवेदनको नमूना)
श्री...... ........ ....... अदालतमा चढाएको
निवेदन पत्र ।

विषयः धरौटी राखी तारिखमा रहन पाऊँ ।

........जिल्ला .........महा / उप महा.न.पा./न.पा. / गा.वि.स. वडा नं. ......बस्ने ... निवेदक
विरुद्ध
........... ... ......... .............. ................. ............. ............ ..... विपक्षी

मुद्दा :.................

म निवेदक रु ५। दस्तूर साथै राखी निम्न व्यहोराको निवेदन गर्दछु -

१. उपर्युक्त विपक्षीसँगको उपर्युक्त मुद्दामा मिति....... ...... ....... मा थुनछेकको आदेश हुँदा यस अदालतका माननीय न्यायाधीश श्री ..... ........ ......... ..... ज्यूको इजलासबाट मलाई रु. ...... ....... को धरौट माग्ने गरी आदेश भएकोमा / मिति ... ..... .... को ... .... अदालतको फैसलाअनुसार ... .... ... वर्ष/महिना कैदबापत अ.वं. १९४ नं.बमोजिम धरौट राख्न पाउने सुविधा प्राप्त गरेकोले सोबापत उक्त धरौटबापतको नगदै रकम दाखिला गरेको छु । सो बुझिलिई कानूनबमोजिम तारिखमा रहन पाऊँ ।

२. यसमा लेखिएको व्यहोरा ठीक सांचो छ, झूठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

निवेदक,

........जिल्ला.........महा / उपमहा / न.पा / गा.वि.स
वडा नं. .........बस्ने फलाना

इति संवत् २०६..... ....... साल महिना .... ... गते ..... .रोज ..... शुभम् ।

अनुसूची - २
**(दफा ६(७) सँग सम्बन्धित)**

(धरौटको लागि निवेदन परेपछि उक्त निवेदनमा लेखिने तोक आदेशको नमूना)

यसमा दाखिला गर्न ल्याएको धरौट रकम रु.(अक्षेरुपी रु...... .......... ....... ) बुझी लिन आर्थिक प्रशासन शाखामा लेखी पठाई सोको रसिद प्राप्त भएपछि अ.वं. १२४ क को रित पुऱ्याई कागज गराई निवेदकलाई कानूनबमोजिम तारिखमा राख्नू ।

....... .......... .............
रजिष्ट्रार / स्रेस्तेदार

अनुसूची - ३
**(दफा- ९ र १०(११) सँग सम्बन्धित)**

(धरौट दाखिला भएपछि गरिने कागजको नमूना)

लिखितम फलानाको नाति फलानाको छोरा.............जिल्ला ..............महा / उपमहा / न.पा./ गा.वि.स. वडा नं. .........बस्ने .........वर्ष..........को फलाना आगे फलानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म फलाना (प्रतिवादीको तर्फबाट अरु कसैले धरौट राखिदिएकोमा प्रतिवादी फलाना मात्र लेख्ने) समेत भएको फलाना मुद्दामा मिति.....मा थुनछेकको आदेश हुँदा (अरु कुनै आदेशले धरौट मागिएको भए सोहीअनुसार मिलाई लेख्ने) मसँग (फलानासँग) रु.............अक्षरुपी..........धरौट माग्ने आदेश भएकोमा उक्त रकम बुझी लिई .... बैंकबाट जारी भएको बैंक ग्यारेण्टी स्वीकार गरी कानूनबमोजिम तारिखमा रहन पाऊँ भनी दिनु भएको निवेदनअनुसार अ.वं. १२४ क नं. बमोजिम कागज गर्न मञ्जूर छ छैन भनी सोधनी हुँदा मेरो चित्त बुझ्यो । यसमा अदालतबाट माग भएको धरौट रकम रु ............ अक्षरुपी ................आजै दाखिला गरी सोको रसिद पेश गरेको छु / ..... ...... अदालतको हितमा जारी बैंक ग्यारेण्टी पेश गरेको छु । अदालतबाट तोकिएको समय र स्थानमा उपस्थित हुनेछु । उपस्थित भइन भने मैले यस अदालतमा राखेको धरौट / बैंक ग्यारेण्टीको रकम सम्बन्धित बैंकबाट भुक्तान लिई जफत भएमा मञ्जूर छ भनी मेरो मनोमान खुशीराजीले यो कागज लेखी ...........अदालतमा चढाएं ।

धरौट राख्ने / राखी दिने / बैंक ग्यारेण्टी दिनेको सहिछाप

रोहबर

१. .. ......
२. ......... .......... .........
३. ....... ........ ..............

इति संवत् २०६...... साल .... .... महिना ...... ..... .... गते रोज ..... .... मा शुभम् ।

**नोटः** बैंक ग्यारेण्टी लिँदा यस ढाँचामा आवश्यकतानुसार परिमार्जन गर्न सकिनेछ ।

अनुसूची - ४

**(दफा -११ सँग सम्बन्धित)**

(जेथा जमानत राखी पाउन दिने निवेदनको नमूना)

श्री ......... ......... ...... अदालतमा चढाएको

निवेदन पत्र ।

विषय : जेथा जमानत राखी पाऊँ ।

....... ......जिल्ला......... .....महा / उपमहा / न.पा. र गा.वि.स. वडा नं......बस्ने ..... .... निवेदक

विरुद्ध

...... ........को जाहेरीले नेपाल सरकार ......... .............. ............... ..... विपक्षी

मुद्दाः ....... ..........

म निवेदक रु.५।- को दस्तूर साथै राखी निम्न व्यहोराको निवेदन गर्दछु :

१. उपर्युक्त विपक्षीसँगको उपर्युक्त मुद्दामा आज (मिति.... ......... .गते) थुनछेकको आदेश / फैसला हुँदा यस अदालतका माननीय न्यायाधीश श्री .... ....... .ज्यूको इजलासबाट मसँग रु. ...... ...... अक्षेरुपी ...... .... ..... धरौट वा सो बराबरको जेथा जमानत लिने वा जरीवाना असूल गर्ने गरी आदेश / फैसला भएकोमा मैले नगद धरौट राख्न नसक्ने हँदा मेरो आफ्नै नाम दर्ताको (मेरो तर्फबाट फलानाको नाम दर्ताको) देहायको विवरणअनुसारको जग्गा जेथा जमानतमा राखी पाउन यो निवेदन गरेको छु । मसँग माग भएको रु ...... ........ धरौटबापत तपसीलबमोजिमको सम्पत्ति जेथा जमानत लिई कानूनबमोजिम तारिखमा राखिपाऊँ ।

**तपसील**

| **सि.नं.** | **घर वा जग्गा** | **दर्तावालाको नाम** | **घर वा जग्गा रहेको स्थान** (जिल्ला न.पा. गा.वि.स वडा नं) | **कि.नं.** | **क्षेत्रफल** | **मूल्य** | **घर वा जग्गाको प्रकृति** (कच्ची पक्की तला) | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. देहायका कागजातहरू यसैसाथ पेश गरेको छु ।
   - (क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - (ख) जग्गाधनी प्रमाणपूर्जा
   - (ग) सम्बन्धित घर जग्गाको नक्सा
   - (घ) कर तिरेको रसिद ( .......... .......... आ.व.को)
   - (ङ) ....... ........ आ.व.का. मालपोत तिरेको रसिद
   - (च) जमानत दिने फलानाको मन्जूरनामा (अर्काको जमानत दिनेमा मात्र) । मन्जूरनामाको सट्टा जसले जमानत दिन चाहेको हो उसैले मन्जूरी भएको व्यहोराको निवेदन दिए पनि हुन्छ ।

३. यसमा लेखिएको व्यहोरा ठीक सांचो छ, झूठ्ठा ठहरे कानूनबमोजिम सहुंला बुझाउंला ।

निवेदक

......जिल्ला...... .महा/उपमहा/न.पा./ गा.वि.स. वडा नं. .... .....बस्ने फलाना

इति संवत् २०६.......साल .........महिना .... गते रोज ... शुभम्

अनुसूची - ५
**(दफा १३(२) सँग सम्बन्धित)**

(जेथा जमानतको निवेदन परेपछि लेखिने तोक आदेशको नमूना)

यसमा फलानासँग माग गरिएको वा फैसलाले लागेको जरीवाना रु ...बापत प्रस्तुत जेथाले खाम्छ खाम्दैन, मालपोत कार्यालयबाट रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि निर्धारित मूल्य र घर भए सम्बन्धित निकायबाट मूल्याङ्कन बुझी जग्गाको स्थिति सम्बन्धमा कर्मचारी खटाई (सम्बन्धित जिल्ला अदालतमार्फत) जाँचबुझ गराई निजको प्रतिवेदन र सांध संधियारबाट मुचुल्का समेत गराई पेश गर्नू ।

..........................

अनुसूची - ६

**(दफा १४(२) सँग  सम्बन्धित)**

(जग्गाको मूल्य खुलाउन लेखिने पत्रको नमूना)

श्री....... ......... .......... अदालत

..............................

प.सं.

मिति :

विषय : मूल्य र दर्ता खुलाई पठाई दिने ।

श्री मालपोत कार्यालय,

उपर्युक्त सम्बन्धमा (फलानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी फलानासमेत भएको फलाना) मुद्दामा थुनछेकको आदेश हुँदा / प्रतिवादी फलानाका हकमा यस अदालतबाट रु ................धरौट माग्ने आदेश भएकोमा / फलाना अदालतको फलाना मितिको फैसलाले लागेको जरीवाना / कैदबापत पुनरावेदन गर्न रु.... बापत निज प्रतिवादीले देहायको विवरणसहितको जग्गा जेथा जमानत दिन ल्याएको हुँदा उक्त जग्गा कसको नाउँमा दर्ता रहेको छ, रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि जग्गाको न्यूनतम् मूल्य कति निर्धारण भएको छ र यसभन्दा अगाडि कुनै किसिम रोक्का छ छैन खुलाई पठाई दिनु हुन अनुरोध छ ।

| सि.नं. | दर्तावालाको नाम | जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

जमानत दिन प्रस्तुत जग्गाको जग्गाधनी प्रमाणपूर्जा र नापी नक्साको प्रतिलिपि संलग्न छन् ।

दस्तखत

........................

शाखा अधिकृत

अनुसूची-७
**(दफा १४(४) सँग सम्बन्धित)**

(घरको मूल्याङ्कनका लागि लेखिने पत्रको नमूना)
श्री .............................अदालत
........................

प.सं.                                                                 मिति :
च.नं.

विषय : मूल्याङ्कन गरी पठाई दिने ।

श्री ...........महा / उपमहा/ नगरपालिका / गाविस कार्यालय ।

उपर्युक्त सम्बन्धमा फलानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी फलानासमेत भएको फलाना मुद्दामा यस अदालतबाट मिति ............. मा आदेश / फैसला हुँदा फलानाबाट रु....... ... धरौट माग्ने आदेश भएकोमा सो धरौटबापत निज प्रतिवादीले देहायको विवरणअनुसार घर जेथा जमानत दिन ल्याएको हुँदा कर प्रयोजनको लागि उक्त घर त्यस कार्यालयबाट कति मूल्याङ्कन भएको छ पछिल्लो तीन वर्षको मूल्याङ्कन विवरण खुलाई पठाई दिनु हुन अनुरोध छ ।

**घर जग्गाको विवरण**

| सि.नं. | घरधनीको नाम | घर रहेको स्थान | कि.नं. | घरको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

घरको नक्सा र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि संलग्न छ ।

दस्तखत
...................
स्रेस्तेदार

अनुसूची-८
**(दफा १४(४) सँग सम्बन्धित)**

श्री ....................................अदालत
.........................

प.सं. मिति :
च.नं.

विषय : मूल्याङ्कन गरी पठाई दिने ।

श्री .............गा.वि.स.,

उपर्युक्त सम्बन्धमा फलानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी फलाना समेत भएको फलाना मुद्दामा यस अदालतबाट मिति ..... ........ मा आदेश हुँदा प्रतिवादी फलानाबाट रु.... ....... धरौट माग्ने आदेश भएकोमा सो धरौटबापत निज प्रतिवादीले देहायको विवरणअनुसारको घर जग्गा जेथा जमानत दिन ल्याएको हुँदा घरको प्राविधिक तवरबाट मूल्याङ्कन गरी मूल्याङ्कन खुलाई पठाई दिनु हुन अनुरोध छ ।

**घरको विवरण**

| सि.नं. | घर वा जग्गावालाको नाम | घर जग्गा रहेको स्थान | कि.नं. | घरको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि संलग्न छ ।

दस्तखत
....... ....... .....
स्रेस्तेदार

अनुसूची -९
**(दफा १५(१) सँग सम्बन्धित)**
(जेथाको जाँचबुझ गर्न खटाइने पत्रको नमूना)

श्री .... .......... .......... .अदालत
.......................

प.सं. मिति :
च.नं.

विषयः जाँचबुझ गरी मुचुल्कासहित प्रतिवेदन प्रस्तुत गर्ने ।

श्री ... ...... फलाना,
ना.सु.
...... .... .... अदालत ।

उपर्युक्त सम्बन्धमा फलानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी फलाना समेत भएको फलाना मुद्दामा थुनछेकको आदेश हुँदा (दण्ड जरीवाना वा जे आदेशले हो सो उल्लेख गर्ने) प्रतिवादी फलानाका हकमा यस (फलाना) अदालतबाट रु ...... .......धरौट माग्ने आदेश भएकोमा उक्त धरौटबापत देहायको विवरणअनुसारको घरजग्गाको जेथा जमानत दिन ल्याएको हुँदा नक्सा हेरी यकीन गरी उक्त जग्गा खोला पहिरो लाग्ने, भासिने छ छैन, भीर भाखा वा खेत कस्तो छ, सडकले छोएको वा सिचाई सुविधा उपलव्ध छ छैन, व्यापारिक प्रयोजनको लागि घडेरी हुने वा खेतीमात्र लाग्ने कस्तो छ । घरको हकमा कच्ची पक्की कस्तो छ, कति कोठाको कति तले, पिलरसहितको हो होइन, छाना कस्तो छ हेरी जाँचबुझ गरी प्रतिवेदन पेश गर्नु हुन र उल्लिखित विवरण खुलाई सांधसंधियार तथा स्थानीय भद्र भलादमी राखी घर जग्गाको स्थितिका बारेमा मुचुल्कासमेत गराई पेश गर्नु हुन तपाईलाई खटाइएको छ, लेखिएबमोजिम गर्नुहोला । जग्गाको जग्गाधनी प्रमाणपूर्जा र नक्साको प्रतिलिपि संलग्न छ ।

**घरजग्गाको विवरण**

| सि.नं | घर जग्गाधनीको नाम | घर जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

दस्तखत
....... ....... .....
स्रेस्तेदार

अनुसूची -१०
**(दफा १६ सँग सम्बन्धित)**

(जेथा रोक्का गर्न लेखिने पत्रको नमूना)

श्री ........ .......... .......... अदालत
.......................

प.सं. मितिः
च.नं.

विषय : रोक्का राखी पठाई दिने ।

श्री मालपोत कार्यालय .... .....
........ ..... ....... ।

उपर्युक्त सम्बन्धमा फलानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी फलाना समेत भएको फलाना मुद्दामा यस अदालतको आदेशानुसार प्रतिवादी फलानाबाट रु.........धरौट माग भएकोमा सो धरौटबापत प्रतिवादी फलानाले देहायको विवरणअनुसारको घर जग्गा जेथा जमानत दिन ल्याएकोमा सो घर जग्गा जेथा जमानत लिनु पर्ने हुँदा उक्त घर जग्गा यसभन्दा पहिले अन्य तरहले रोक्का रहेको छ छैन खुलाई रोक्का नरहेको भए यस अदालतबाट फुकुवा भै नआएसम्मको लागि रोक्का राखी पठाई दिनु अनुरोध छ ।

**घर जग्गाको विवरण**

| सि.नं | घर जग्गाधनीको नाम | घर जग्गा रहेको स्थान | कि.नं. | घर जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखत
..... ..... ....
स्रेस्तेदार

अनुसूची - ११

**(दफा १७(२) सँग सम्बन्धित)**

(सर्वोच्च अदालत र पुनरावेदन अदालतबाट जेथाको जाँचबुझ र मूल्याङ्कनका लागि जिल्ला अदालतमार्फत बुझ्दा लेखिने पत्रको नमूना)

श्री ........ .......... ....... अदालत

प.सं. मिति :

च.नं.

विषय : जाँचबुझ र मूल्याङ्कन गरी पठाई दिने ।

श्री ...... .........जिल्ला अदालत,

......... ......... ...........

उपर्युक्त सम्बन्धमा फलानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भएको फलाना समेत फलाना मुद्दामा यस अदालतको मिति ....... ....... ......को आदेशानुसार प्रतिवादी फलानाबाट रु.... ..... धरौट माग्ने आदेश भएकोमा सो धरौटबापत प्रतिवादी फलानाले देहायको घर जग्गा जेथा जमानत दिन ल्याएको हुँदा उक्त घर जग्गाका सम्बन्धमा देहायअनुसार जाँचबुझ र मूल्याङ्कन गराई पठाई दिनु हुन अनुरोध छ ।

**घर जग्गाको विवरण**

| सि.नं. | घर जग्गा धनीको नाम | घर जग्गा रहेको स्थान | कि.नं. | घर जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**जाँचबुझ र मूल्याङ्कन गरी पठाउनु पर्ने विवरण :**

१. उक्त घर जग्गाको नक्सा यकीन गरी घर भए कच्ची पक्की के हो, कति कोठाको कति तला छ, छाना कस्तो छ, पिलरसहितको हो, होइन र जग्गा भए खोलो पहिरो लाग्ने, भासिने संभावना छ छैन, भीर पाखा वा खेत कस्तो छ, सडकले छोएको वा सिचाई सुविधा उपलब्ध छ छैन भन्ने लगायतका जग्गाको सम्पूर्ण प्रकृति खुल्ने गरी कर्मचारी खटाई जांच गराई निजको प्रतिवेदन र सांध संधियार भद्र भलादमी राखी मुचुल्का गराई सो मुचुल्कासमेत पठाउने ।

२. उक्त जग्गाको हकमा उक्त जग्गा कसको नाउँमा दर्ता छ र सो रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि उक्त जग्गाको मूल्य कति निर्धारण भएको छ, यस अघि अन्य तरहले रोक्का छ छैन र रोक्का नभए रोक्का राखी पठाउन मालपोत कार्यालयमा लेखी जवाफ लिइपठाउने ।

३. घरको हकमा नेपाल सरकारका भवनको मूल्याङ्कन गर्ने सम्बन्धित कार्यालयबाट महा/उपमहा/नगरपालिका/ गाविसबाट प्रस्तावित मूल्य प्राविधिक दृष्टिले उचित वा अनुचित के कस्तो छ र वास्तविक मूल्य कति पर्ने हो सो समेत बुझी पठाउने ।

दस्तखत

...... ....... ..........

शाखा अधिकृत

अनुसूची - १२
**(दफा १८(१) सँग सम्बन्धित)**

(जेथा जमानत स्वीकारी गरिने आदेशको नमूना)

श्री ............... अदालतका स्रेस्तेदार फलानावाट भएको
आदेश
(संवत् ........सालको मुद्दा नं. ............)

फलानाको जाहेरीले वादी नेपाल सरकार......................................................... वादी
विरुद्ध
फलाना जिल्ला फलाना न.पा. / गा.वि.स. वडा नं. .................बस्ने फलाना ...........प्रतिवादी
मुद्दा :

उपर्युक्त वादी प्रतिवादी भएको उपर्युक्त मुद्दामा यस अदालतको मिति ........को आदेशानुसार प्रतिवादी / पुनरावेदक फलानासँग रु ....... .... .... अक्षरुपी ...... .... धरौट माग गरिएकोमा सो धरौटबापत निज प्रतिवादी / पुनरावेदकले ...... ........ .... जिल्ला ...... ...... महा/उपमहा/न.पा./गा.वि.स. वडा नं. ........ स्थित फलानाको नाउंमा दर्ता रहेको कि.नं. ....... .को क्षेत्रफल ...... ..... जग्गा / घर जेथा जमानत दिन ल्याएकोमा उक्त जेथा जाँचबुझ र मूल्याङ्कन गर्न पठाउँदा खोलो पहिरो नलाग्ने, नभासिने, खेती लगाइरहेको वा घर घडेरीको राम्रो जग्गा हो भनी मिति ....... ...... ... को फलानाको प्रतिवेदन र फलानासमेतले गरिदिएको मुचुल्का पेश हुन आएको तथा रजिष्ट्रेशन पारित गर्ने प्रयोजनका लागि उक्त जग्गाको मूल्य रु. ....... निर्धारण भएको छ भनी मालपोत कार्यालय फलानाको च.नं. ..... ........मिति ........ ........को पत्रवाट लेखी आएको तथा सोही कार्यालयवाट प्राप्त दर्ता स्रेस्ताबाट जग्गा निज फलानाका नाउँमा दर्ता रहेको र च.नं....... मिति .... ........को पत्रबाट अन्यत्र बेचविखन हक हस्तान्तरण समेत गर्न नपाउने गरी रोक्का समेत भै आएकोमा विचार गर्दा रु...... ... ... धरौटबापत प्रस्तुत जेथाले खाम्ने नै देखिएको हुँदा उक्त धरौटबापतको जमानतमा प्रस्तुत जेथालाई स्वीकार गरिदिएको छ। मु.ऐ. अ.व. १२४ क नं. समेतको रित पुऱ्याई जेथा जमानतको कागज गराई प्रतिवादी / पुनरावेदक फलानालाई तारिखमा राखी कानूनबमोजिम गर्नू।

दस्तखत
..... ...... ....... ....
रजिष्ट्रार

ईति संवत् २०६..... ..... साल ... .... .महिना .... .... ..... गते रोज... .... .शुभम्

अनुसूची-१३
**(दफा १८(२)सँग सम्बन्धित)**

(जेथा जमानीको कागजको नमूना)

लिखितम फलानाको नाति फलानाको छोरा ...... ..... जिल्ला...... ....... न.पा.महा / उपमहा / गा.वि.स. वडा नं. .... वस्ने ........ वर्ष ... ..... को फलाना आगे फलानाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी फलाना समेत भएको फलाना मुद्दामा यस अदालतको मिति .... .... ... को आदेश फैसलानुसार म प्रतिवादीवाट .(अथवा प्रतिवादी फलानाबाट) र ..... ..... अक्षरुपी..... ....धरौट माग्ने आदेश भएकोमा उक्त धरौटबापत मेरो नाउँ दर्ताको देहायको घर जग्गा जेथा जमानत लिई तारिखमा रहन पाऊँ (फलानाको तर्फबाट मेरो नाउँ दर्ताको देहायको घर जेथा जमानत लिई निजलाई तारेखमा राखी पाऊँ) भनी दिनु भएको निवेदन व्यहोरा पढी बाँची सुनाई निवेदनअनुसार देहायको घर जग्गा जमानी दिन मञ्जूर छ छैन भनी सोधनी गर्दा मेरो चित्त बुझ्यो। यसमा मसँग (फलानासंग) मागिएको रु. .... .... को धरौटबापत देहायको घर जग्गा जमानत राख्न मेरो मन्जूरी छ। अदालतले तोकेको समय र स्थानमा उपस्थित हुनेछु , उपस्थित नभए अ.वं. १२४ क.नं. बमोजिम जमानतको रकम मैले जमानत दिएको सम्पत्ति वा मेरो अरु कुनै सम्पत्तिबाट समेत असूल भएमा मञ्जूर छ (अथवा निज फलानासँग मागिएको रु. ..... .... को धरौटबापत देहायको मेरो घर / जग्गा जमानत राख्न मेरो मञ्जूर छ अदालतवाट तोकेको समय र स्थानमा निजलाई उपस्थित गराउने छु, उपस्थित गराउन सकिन भने अ.वं. १२४ क नं. बमोजिम जमानतको रकम जमानत दिएको सम्पत्ति वा मेरो अरु कुनै सम्पत्तिबाट असूलउपर गरेमा मञ्जूर छ) भनी मेरो मनोमान खुशीराजीले जमानत दिने फलानाको रोहवरमा यो जेथा जमानीको कागज लेखी श्री फलाना अदालतमा चढाएँ।

**जमानत दिएको घर जग्गाको विवरण**

| सि.नं. | घर जग्गा धनीको नाम | घर जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | रोक्का र रहेको पत्रको च.नं. र मिति | रोक्का राख्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रोहवर (जमानी दिने) जमानी हुनेको सही

इति संवत् .. साल ... महिना ... रोज .. शुभम्।

**निर्देशिका पूर्ण बैठकबाट स्वीकृत मितिः** २०६६।०३।०८
**निर्देशिका लागू मितिः** २०६६।०५।१२

**विशेष इजलास**

१.

**का.मु.सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी, मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको WS-००१४, उत्प्रेषण, *मुक्तिनाथ पौडेल समेत वि. अर्थ मन्त्रालय समेत*

ऐनलाई बाहेक गरी संविधान र नियम विनियमको सम्बन्ध स्थापित गर्न सामान्यतः मिल्ने अवस्था हुँदैन । तथापि ऐनले प्रष्ट रूपमा निर्देश नगरेको ऐन मौन रहेको विषयमा संवैधानिक व्यवस्थासँग बाझिने गरी नियम वा विनियममा व्यवस्था भएमा त्यस्तो विवादको विषय संवैधानिक परीक्षण निमित्त ऐनसँग सम्बन्ध स्थापित नभएको भन्ने आधार बाधक बन्न नसक्ने ।

कृषि विकास बैंकलाई विनियम बनाउन अख्तियारी दिने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१ लाई असंवैधानिक भनी निवेदकहरूले चुनौती नदिई वैधानिक नै मानी स्वीकारी बसेको, उक्त दफाको अख्तियारी प्रयोग गरी कृषि विकास बैंकले कृषि विकास बैंक लिमिटेड कर्मचारी विनियमावली, २०६२ मा दोस्रो संशोधन गरी उक्त विनियमको परिच्छेद ४ को विनियम १(१) मा "वा ३० वर्ष अवधि पूरा भएमा" भन्ने वाक्यांश थप गरेको देखिएको, उक्त व्यवस्था निवेदकरूले दावी लिएजस्तो संविधानसँग बाझिएको नदेखिएको तथा विनियमावली संशोधन गर्ने अधिकार कृषि विकास बैंकमा रहेको र उक्त संशोधित व्यवस्थाले निवेदकहरूको जिकीर बमोजिम निजहरूको कुनै मौलिक हक हनन् गरेको नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पन्थी

इति संवत् २०६६ साल बैशाख २४ रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री मीनबहादुर रायमाझी, मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** रिट नं. २०६४-WS-००३८, उत्प्रेषण, *तेजबहादुर के.सी. समेत वि. नेपाल सरकार समेत*

कानून विपरीत नहुने जुनसुकै पेशा रोजगार अगाल्ने मानिसहरूले सम्पादन गर्ने श्रमको उचित सम्मान गरिनु पर्दछ भन्ने विषयमा विवाद हुन सक्दैन । त्यसमा पनि राज्यको स्थायी सरकारको रूपमा रहने जुनसुकै श्रेणी वा तहको निजामती कर्मचारीले सम्पादन गर्ने कार्यको उच्च सम्मान हुनुपर्ने ।

निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ को उपदफा (८) को प्रतिवन्धात्मक वाक्यांश बाहेकको कानूनी व्यवस्था र उपदफा (९) को प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (च), धारा १३(१), धारा १९(१) र धारा ३०(१) समेतको विपरीत नभएको र सो कानूनी व्यवस्थाले संविधानको उक्त धाराहरू प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाएको अवस्थासमेत देखिन नआउने ।

इजलास अधिकृत : नारायण सुवेदी

इति संवत् २०६५ साल चैत २७ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री मीनबहादुर रायमाझी, मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** रि.नं. २०६४-WS-००३५, उत्पेषण, *विष्णुप्रसाद पन्थ वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

साबिकको कानून व्यवसायी ऐन, २०२५ बमोजिम अभिकर्तामा दरिएर गरिआएको पेशा वा व्यवसाय गर्ने स्वतन्त्रतालाई हाल बहाल रहेको नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० ले रोक वा बन्देज लगाएको नदेखिएको र ऐनको दफा १७(२) ले अभिवक्ताको रूपमा दरिनको लागि नागरिक-नागरिक बीच फरक-फरक शर्त तोकी विभेधजन्य अवस्थाको सिर्जना गरेको समेत नदेखिंदा उक्त ऐनको दफा १७ को उपदफा (२) को "यो ऐन प्रारम्भ भएको मितिले नौ वर्षसम्म भन्ने" वाक्यांश नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ र १३ समेतसँग बाझिएको भन्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : नारायण सुवेदी

इति संवत् २०६५ साल चैत २७ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** फौ.पु.इ.नं. ०६५-CF-०००८, लागू औषध, *नेपाल सरकार वि. शितलदास कथवनिया*

टिडिजेसिक इन्जेक्सन आफैंले सेवन गर्ने प्रयोजनको लागि ल्याएको भन्ने कुरामा सावित भै वयान गरेको र लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) ले गाँजाबाहेक अन्य लागू औषध सेवन गर्ने कार्यलाई समेत निषेध गरेको छ । त्यसरी भारतबाट लागू औषध ल्याउने निज प्रतिवादीले आफैं सेवन गर्ने प्रयोजनका लागि उक्त लागू औषध ल्याएको भन्ने कुरालाई स्वीकार गरी वयान गरेको सन्दर्भमा निजको कार्य कानूनद्वारा निषेधित कार्यभित्र परेको स्पष्ट हुने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल असार १८ गते रोज ५ शुभम् ।

५.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री मोहनप्रकाश सिटौला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WS-००१८, परमादेश, *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

आफू समक्ष ल्याइएको संवैधानिकताको विवाद निरुपण गर्नुअघि सामान्यतः विधायिकाले निर्माण गरेको कानून संविधानसम्मत नै रहेको हुन्छ भनी अदालतले प्रारम्भिक रूपमा अनुमान गर्दछ । यो सिद्धान्त विधायिकी ऐनद्वारा प्रत्यायोजित अधिकार प्रयोग भई बनाइएको नियमका सम्बन्धमा पनि लागू हुन्छ । त्यसै गरी संविधानअन्तर्गत बन्ने ऐन तथा ऐनद्वारा प्रत्यायोजित अधिकारअन्तर्गत बन्ने नियमावलीको प्रावधान आफूलाई अधिकार प्रदान गर्ने संविधान र ऐनको प्रावधानअनुरूप हुनुपर्ने ।

संवैधानिक सर्वोच्चताको मान्यताअनुरूप संविधानअन्तर्गत बनाइएका विधायिकी कानून र विधायिकी कानूनको अधिकार प्रत्यायोजनअन्तर्गत बनाइएका नियमहरू क्रमशः संविधान र मातृ ऐनको प्रावधानसँग तादाम्यता राख्ने हुनुपर्दछ । विवादित कानूनी व्यवस्थाको संवैधानिकताको परीक्षण गर्नुपूर्व अदालतले यी र यस्ता केही सैद्धान्तिक पक्षहरूमा ध्यान पुऱ्याउन जरुरी ठानिने ।

इजलास अधिकृत : कृष्णराम कोइराला

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल असार २५ गते रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री अवधेशकुमार यादव,** रि.नं. WS–०००१, नेपालको अन्तरिम संविधान, २०६३ र नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धि सम्झौतासँग बाझिएको कानून अमान्य र बदर गर्ने आदेश जारी गरिपाऊँ, *सपना प्रधान मल्ल समेत वि. नेपाल सरकार समेत*

संविधानद्वारा विधायिकालाई प्राप्त विधायिकी अधिकारमध्ये नियम बनाउने केही सीमित अधिकार विधायिकाले कार्यपालिका अर्थात् सरकारलाई प्रत्यायोजन गर्ने गर्दछ । प्रत्यायोजित विधायनसम्बन्धी यो अवधारणालाई संवैधानिक विधिशास्त्रले मान्यता प्रदान गरेकै छ । यस विषयमा एउटै मात्र शर्त के रहन्छ भने प्रत्यायोजन गर्ने ऐनले दिएको क्षेत्राधिकार नाघी त्यस्तो अधिकार धारण गर्नेले नियम बनाउन नमिल्ने ।

विवाहपश्चात् महिलाको शरीरमा जीव बैज्ञानिक परिवर्तन आउने र जसले गर्दा सैनिक प्रहरीको आधारभूत तालीम लिँदा निजहरूकै स्वास्थ्यमा नकारात्मक असर पर्ने भन्ने प्रत्यर्थीहरूको जिकीरका सन्दर्भमा विवाहित महिलाले सैनिक प्रहरीको आधारभूत तालीम लिँदा निज एवं निजको गर्भमा रहन सक्ने भ्रूणको स्वास्थ्यमा प्रतिकूल असर पर्छ वा पर्दैन, पर्ने भए त्यसलाई न्यूनीकरण गर्ने कुनै उपायहरू रहेका छन् छैनन्, भन्ने जस्ता प्राविधिक विषयको न्यायिक निरुपणभन्दा पनि प्राविधिक पक्षबाटै हल खोजिनु बाञ्छनीय हुने ।

सैनिक ऐन, २०६३ को व्यवस्था र मनसायअनुरूप हुनेगरी तर्जुमा भैरहेको भनिएको सम्बधित नियमावलीमा सुधार गर्ने क्रममा सम्बन्धित विषयका विज्ञहरूबाट अध्ययन अनुसन्धान गराई निचोडमा पुग्नु उपयुक्त देखिन्छ । यसका अतिरिक्त छिमेकी मुलुकलगायत मानव अधिकार र लैङ्गिक न्यायको पक्षमा संवेदनशील ठानिने केही मुलुकहरूको कानूनी व्यवस्था एवं अभ्याससमेतको तुलनात्मक अध्ययन, हाम्रो देशको सामाजिक र सांस्कृतिक अवस्था समेतहरूको समग्र अध्ययन, महिलाहरूको रोजगारीको अवस्था समेतको समग्र विषयहरूमा अध्ययन गरी

सैनिक प्रहरीसम्बन्धी विवादित नियमावलीमा समसामयिक सुधार गर्न आवश्यक देखिने ।
इजलास अधिकृतः नारायण सुवेदी
कम्प्युटरः सीता गुरुङ्ग
इति संवत् २०६६ बैशाख १७ गते रोज ५ शुभम् ।

७.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री अवधेशकुमार यादव,** रिट नं. २०६४-WS-००१५, उत्प्रेषण, *बहादुर खड्का समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कुन उद्देश्य प्राप्तिको लागि के कस्तो कानून बनाउने वा नबनाउने भन्ने विषय विधायिकाको एकलौटी क्षेत्राधिकार (Exclusive Jurisdiction) अर्न्तगत पर्ने कुरा हो । शक्ति पृथकीकरणको सिद्धान्तले विधायिकी दायरा (Legislative Domain) मा छाडेको यो विषयमा सामान्यतया राज्यका बाँकी दुई अङ्गले हस्तक्षेप गर्न मिल्दैन । त्यसकारण कानून निर्माण गर्दा कुन वर्गलाई समेट्ने कुनलाई छोड्ने भन्ने विषय पनि विधायिकाकै विवेक (Legislative Wisdom) भित्रको विषय हो । कुनै समय शिक्षक र कर्मचारीलाई एउटै वर्गको मानी नियुक्ति, बर्खासीलगायत सेवाका शर्तहरू एकै प्रकारको तोकिएको कारणले मात्र पछि ती दुईलाई अलग-अलग वर्गमा राख्न मिल्दैन भन्ने तर्क उचित हुन सक्दैन । बरु त्यसरी गरिने वर्गीकरण उचित, स्वच्छ, तर्कसम्मत र विवेकपरक हुनुपर्दछ । जथाभावी वा स्वेच्छाचारी तरिकाबाट वर्गीकरण गरिएको छ भने त्यस्तो वर्गीकरणले मान्यता पाउन सक्दैन । एउटा वर्गीकरण र अर्को वर्गीकरणमा पारिएकाहरू बीचको भिन्नता सामान्य सुझबुझ भएका मानिसहरूले सजिलै सम्झन र बुझ्न सक्ने हुनुपर्दछ । यसका साथै वर्गीकरण गर्ने कानूनको उद्देश्य र वर्गीकरणबीच वैध सम्बन्ध (Legitimate Nexus) पनि देखिनु पर्दछ ।

कामको प्रकृति र सो कार्य सम्पादन गर्नको लागि आवश्यक पर्ने क्षमता, योग्यता, अनुभव र सीपलगायतका विषयहरूमा आधारभूत भिन्नता भएका सामुदायिक विद्यालयका शिक्षक र कर्मचारीहरू बीच वर्गीकरण गरी कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत् शिक्षकबाहेकका अन्य कर्मचारी सम्झनु पर्छ भनी शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा २ को खण्ड (च६) मा प्रयुक्त "बाहेक" भन्ने शब्द नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ प्रदत्त समानताको हकसम्बन्धी प्रावधानसँग बाझिएको नदेखिने ।
इजलास अधिकृत : नारायण सुवेदी
कम्प्युटर : सीता गुरुङ्ग
इति संवत् २०६६ साल बैशाख १७ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** रि.नं. ०६५-WS-००१५, उत्प्रेषण, *अधिवक्ता अच्यूतप्रसाद खरेल वि. प्र.मं. तथा मन्त्रिपरिषद् कार्यालय समेत*

कुनै आधार र कारणबिना कसैका विरुद्ध निर्णय गर्न मिल्छ भन्ने अर्थ गर्ने हो भने त्यो प्राकृतिक न्यायको सिद्धान्तसमेतको विपरीत हुन्छ र त्यसो गर्नु विधिको शासन र सभ्य समाजले स्वीकार गर्नसक्ने आधारभूत मूल्य मान्यताको समेत प्रतिकूल हुन जाने ।

राहदानी ऐन, २०२४ को दफा ४ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (१) र (२) मा रहेको व्यवस्थामध्ये कारण नदेखाई कुनै व्यक्तिलाई राहदानी दिन अस्वीकार गर्नसक्ने र जारी भइसकेको राहदानीलाई खिच्न वा रद्द गर्नसक्ने कानूनी व्यवस्था विधिको शासन र न्यायका मान्य सिद्धान्तसमेतको प्रतिकूल देखिएको र उक्त व्यवस्थाले सम्बन्धित अधिकारीको स्वेच्छाचारितालाई प्रस्रय दिने भै नेपालको अन्तरिम संविधान, २०६३ समेतको प्रतिकूल देखिएको हुँदा त्यस्तो कानूनी व्यवस्थालाई कायम राख्नु न्यायोचित नदेखिने ।
इजलास अधिकृत : उमेश कोइराला
इति संवत् २०६६ साल भदौ ४ गते रोज ५ शुभम्

२.

**मा.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री रामकुमारप्रसाद शाह,** २०५६ सालको दे.पु.ई.नं. ३५, निर्णय दर्ता बदर हक कायम, *कान्छी ताम्राकार समेत वि. रामलाल ताम्राकार समेत*

लिखतबाट हक प्राप्त गरेको जम्मा २४ आना जग्गासम्म पुनरावेदक प्रतिवादीले दर्ता गराउनु पर्नेमा आफूले हक प्राप्त गरेको भन्दा बढी कि.नं. १२९ को समुच्चा क्षे.फ. २-१०-० जग्गा नै अनधिकृत रूपमा दूषित दर्ता गराएको देखिँदा पुनरावेदकले हक हस्तान्तरण गरी लिएको उक्त क्षे.फ.रो. १-८-० जग्गा कटाई बाँकी रहन आउने ज.रो. १-२-० मध्येबाट ज.रो. ०-९-० मा सत्यलालतर्फका हकवालाको र ०-९-० मा चिनीयामानतर्फका अंशियारको हक कायम हुने देखिएकोमा चिनीयामानतर्फका तीन हकदार छोराहरूमध्ये स्व. माधवलालको छोरा गोपाल कृष्णले जग्गा दर्ताकै क्रममा जीतबहादुरलाई हक छाडी सकेको देखिदा निजको एक भागबाहेक पूर्ण कृष्ण र बसन्त कृष्णको भागमा पर्ने दुई भाग अर्थात ज.रो.०-६-० समेत गरी जम्मा ज.रो.०-१५-० जग्गा पुनरावेदक प्रतिवादी जीतबहादुरका नाउँमा दर्ता गर्ने मालपोत कार्यालयको निर्णय र सोबमोजिम पुनरावेदकले गराएको दर्तासमेत बदर भै प्रत्यर्थी वादीहरूको अंश भागको हिसाबले हक कायम हुने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल असार २५ गते रोज ५ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६५ सालको दे.पु.ई.नं. ३२, लिखत दर्ता वदर, *रोशन थापा वि. रामलाल ताम्राकार समेत,*
- २०५६ सालको दे.पु.इ.नं. ३३ *रामलाल ताम्राकार समेत वि. कान्छी ताम्राकार समेत, र*
- २०५६ सालको दे.पु.नं. ३४, *कान्छी ताम्राकार समेत वि. रामलाल ताम्राकार समेत*

## संयुक्त इजलास

१.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री कल्याण श्रेष्ठ**, २०६१ सालको रिट नं. ३५३६, उत्प्रेषणयुक्त परमादेश, *विष्णुप्रसाद बस्याल समेत वि. नेपाल वायुसेवा निगम समेत*

निवेदकहरूको पुनरावेदनउपर विचार नै नगर्नु उचित नहुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २०६०।७।१७ को निर्णयउपर पुनरावेदन लिई आएमा कानूनबमोजिम कारवाही किनारा गर्नु भनी विशेष अदालत काठमाडौंका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः मोहनराज भट्टराई

इति संवत् २०६६ साल असार १० गते रोज ४ शुभम् ।

२

**का.मु.सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या श्री सुशीला कार्की,** २०६० सालको रि.नं. ३२६५, उत्प्रेषण, *महेशराज पन्त वि. नेपाल विद्युत प्राधिकरण समेत*

आफ्नो ग्राहकको मीटर सील गरी राखेपछि सो मीटर विद्युत प्राधिकरणले आफ्नो नियन्त्रणमा राखेको मान्नुपर्ने र सो मीटर प्राविधिक रूपमा ठीक वा वेठीक के कस्तो अवस्थामा छ, सो को जानकारी राख्ने प्राथमिक दायित्व विद्युत प्राधिकरणको हुने ।

मीटरको हालत के कस्तो छ भनी प्राधिकरणले जिम्मा लिनुपर्ने अवस्था भएपछि सो मीटरमा भएको गडवडीको कारण वस्तुनिष्ट आधार वेगर त्यस्तो बिग्रिएको मीटरबाट सिर्जना हुने दायित्व ग्राहकमा प्रतिस्थापित हुन्छ भनी मान्न नमिल्ने ।

जुन कुराको जिम्मेवारी जसले लिने हो, सो कुराबाट सिर्जित दायित्व पनि जिम्मेवारी लिनेले नै व्यहोर्नु पर्ने हुन्छ । सम्बन्धित विषयको ज्ञान नभएका र विद्युत प्राधिकरणले जुन अवस्था र स्थितिमा मीटर जडान गरिदिएको छ, सोलाई त्यस्तै भौतिक रूपमा संरक्षण गरी राखेका ग्राहकलाई मीटरभित्र हुने प्राविधिक गडवडीको जिम्मेवारी न्याय, सद्विवेक र समन्याय कुनै कुराले पनि थोपर्न नमिल्ने ।

इति संवत् २०६६ बैशाख २१ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६० सालको रि.नं. ३२६६, उत्प्रेषण, *महेशराज पन्त वि. नेपाल विद्युत प्राधिकरण समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

३.

**का.मु.सं.प्र.न्या. श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३३४४, उत्प्रेषण, *रेवतप्रसाद खरेल वि. महान्यायाधिवक्ताको कार्यालय समेत*

सरकारी छात्रवृत्ति र तलब भत्तासहितको अध्ययन बिदामा जाने निजामती कर्मचारीले अनिवार्य

रूपमा तोकिएबमोजिम सेवा गर्नुपर्नेमा सो नगरी अध्ययनको बीचैमा राजीनामा दिएको देखिँदा अध्ययन अवधिमा निजले खाएको तलब भत्ता र छात्रवृत्ति सुविधा राजीनामापछि निजले प्राप्त गर्ने निजामती सेवा ऐन, २०४९ को दफा ४० घ(२) बमोजिम सरकारी बाँकी सरह कट्टा गर्ने गरी महान्यायाधिवक्ताको कार्यालयबाट भएको निर्णय र सो निर्णयउपर निवेदकले सामान्य प्रशासन मन्त्रालयमा दिएको निवेदनउपर कारवाही गरी निवेदकले अध्ययन बिदा अवधिमा लिएको तलब भत्ता र सुविधा फिर्ता बुझाउनु पर्ने भनी सचिवस्तरीय निर्णय कानूनसम्मत नै देखिने ।

इजलास अधिकृत नारायण सुवेदी

इति संवत् २०६६ साल जेठ २९ गते रोज ६ शुभम्

४.

**का.मु.सं.प्र.न्या. श्री अनूपराज शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. २६०३, उत्प्रेषण, *निरन्जन श्रेष्ठ वि. कविता के.सी. समेत*

मातहत अदालतको नियमित क्षेत्राधिकारअन्तर्गत विचाराधीन रहेका मुद्दाहरूबाटै विवादित कागजलाई प्रमाणमा लिन मिल्ने हो वा होइन भन्ने सम्बन्धमा न्याय निरुपण हुने नै हुँदा उक्त मुद्दाहरूमा असर पर्नजाने गरी यस अदालतको रिट क्षेत्राधिकारबाट बोल्न नमिल्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः लक्ष्मीदेवी श्रेष्ठ

इति संवत् २०६६ साल जेठ २९ गते रोज ६ शुभम्

**५.**

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या. मोहनप्रकाश सिटौला**, २०६० सालको दे.पु.नं. ९६२३, जग्गा खिचोला मेटाई नापी दर्ता बदर गरी दर्ता हक कायम, *शिवलाल उप्रेती वि. हजालाल राजबंशी*

पुनरावेदन अदालतबाट पुनरावेदन खारेज भै अन्तिम भएको विषयलाई लोप गरी पुनः सोही विषयमा पछिको खिचोलाको वारदात कायम गरी दावी लिएको देखिँदा हदम्याद नाघी परेको फिरादको अरू तथ्यभित्र प्रवेश गरी विचार गरिरहनु नपर्ने ।

इजलास अधिकृत : पुनाराम खनाल

इति संवत् २०६६ साल बैशाख १४ गते रोज २ शुभम्

६.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६१ सालको दे.पु.नं. १००८९, जग्गा खिचोला चलन, *समफूल माझी मुसहर वि. रामप्रकाश महतो कोइरी समेत*

हकदैया (Locus Standi) नपुग्ने ऐलानी प्रकृतिको सरकारी जग्गामा प्रतिवादीले खिचोला गऱ्यो भनी दावी लिएको देखिँदा प्रस्तुत विवादको तथ्यमा प्रवेश गरी खिचोलातर्फ निर्णय निरोपण गर्न नमिल्ने ।

इजलास अधिकृतः पुनाराम खनाल

इति संवत् २०६६ साल बैशाख १४ गते रोज २ शुभम्

७.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं. ९९६२, घर जग्गा खिचोला मेटाई चलन, *अमनादेवी मियाइनी वि. शारदादेवी मण्डल*

विवादित जग्गामा आफ्नो हक स्वामित्व भएको सबूद प्रमाण पुऱ्याउन नसक्ने प्रतिवादीले खिचोलाको वारदातलाई कायम गर्नुपर्ने भनी लिएको जिकीर विश्वसनीयसमेत देखिन नआउने ।

इजवलास अधिकृत : पुनाराम खनाल

इति संवत् २०६६ साल बैशाख १४ गते रोज २ शुभम् ।

८.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६० सालको फौ.पु.नं. ३४२४ ३६०१ र २०६० सालको फौ.सा.नं. ४६५, खुन डाँका, *नेपाल सरकार वि. सत्यनारायण राय यादव समेत, वैद्यनाथप्रसाद कलवार वि. नेपाल सरकार*

गोली बन्दुकको प्रयोगको निमित्त राखिने र प्रतिवादी पुनरावेदक वैद्यनाथबाट गोली बरामद भएको अवस्थामा निज प्रत्यक्षदर्शीहरूको अदालत समक्ष भएको भनाई, वैद्यनाथ आफैँले अनुसन्धानको क्रममा व्यक्त गरेको तथ्य, वारदात र वरामद भएको गोलीबाट वैद्यनाथले मृतकको छातीमा गोली फायर गरेको भन्ने तथ्यमा शंका गरिरहन पर्ने अवस्था नहुने ।

प्रत्यक्षदर्शीको अदालतसमक्ष भएको बकपत्रमा फरक-फरक तथ्य रही प्रतिवादीहरूको अपराधमा संलग्नता रहेको पुष्टि हुने साक्षी सबूद

प्रमाण नदेखिँदा कसूरदार ठहर गर्नुपर्ने भन्ने वादी नेपालको सरकारको पुनरावेदनसँग सहमत हुन नसकिने ।
इजलास अधिकृतः कविप्रसाद न्यौपाने
इति संवत् २०६५ साल फागुन २८ गते रोज ४ शुभम्

९.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३२४४, आयकर (आ.व. २०५३/०५४), *शशिराज पाण्डे वि. आन्तरिक राजश्व कार्यालय २ नं क्षेत्र, बबरमहल*

घर बहालमा नियमबमोजिम लाग्ने अग्रीम बहाल करसमेत बुझाइएको करको सम्बन्धमा समेत केही नबोली गरेको राजश्व न्यायाधीकरण काठमाडौँको फैसला नमिलेकोले सो हदसम्म केही उल्टी गरी पुनरावेदक प्रतिवादी इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेडको आ. व. २०५३।०५४ को व्याजकर र अग्रीम कट्टी भएको घर जग्गा बहाल करको रकमलाई समेत विचार गरी पुनः कर निर्धारण गर्नु भनी शुरु २ नं. कर कार्यालय हाल आन्तरिक राजश्व कार्यालय २ नं. क्षेत्रमा पठाई दिनुपर्ने ।

इजलास अधिकृतः मोहनराज भट्टराई
इति संवत् २०६५ साल माघ १५ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.नं. ३२४५, आयकर (आ.व.२०५२/०५३), *शशिराज पाण्डे वि. आन्तरिक राजश्व कार्यालय २ नं. क्षेत्र समेत*

रू.२५,०००।- भन्दा घटी घर जग्गा बहाल लिएबापत कानूनबमोजिम लाग्ने घर जग्गा बहाल कर कट्टा गरी दिएको भुक्तानी रकमलाई सम्झौता नभएको भनी खुद आयमा समावेश हुने भनी शुरु कर कार्यालयले गरेको निर्णयलाई सदर गरेको राजश्व न्यायाधीकरण काठमाडौँको फैसला सो हदसम्म उल्टी हुने ।

इजलास अधिकृत : मोहनराज भट्टराई
इति संवत् २०६५साल माघ १५ गते रोज ४ शुभम् ।

## इजलास नं.१

१.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री खिलराज रेग्मी,** २०६१ सालको फौ.पु.नं. ३३४२, भ्रष्टाचार, *नेपाल सरकार वि. जयप्रकाश गुप्ता समेत*

सिलवन्दी रूपमा प्राप्त प्रस्तावको मूल्याङ्कन गर्ने मूल्याङ्कन समितिका पदाधिकारीलाई न त प्रतिवादी बनाइएको छ न त प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा बुझी सोको तथ्य निरुपण गरिएको अवस्था छ । यस्तो अवस्थामा प्रस्तावको मूल्याङ्कनमा वद्नियत राखेको भन्न मिल्ने अवस्था नदेखिने ।

जमानत पत्र दाखिल गरेकै आधारमा कानूनबमोजिम सरकारले जफत नगरेको अवस्था सरकारको हक सिर्जना भै नसकेको सम्पत्ति जमानत पत्रको म्याद नाघेपछि फिर्ता गरिएको कार्यले यथार्थमा सरकारलाई हानि नोक्सानी तथा अन्य कसैलाई फाइदा पुगेको भन्ने अवस्था समेत नदेखिने ।

प्रतिवादीहरूको क्रियाबाट वस्तुतः सरकारलाई प्रत्यक्षतः हानि नोक्सानी भएको नदेखिनुका अतिरिक्त वादी नेपाल सरकारको तर्फबाट शुरुको मूल दावी पुष्टि गर्नेतर्फ नलागी शुरु दावी नै परिवर्तन गरी पुनरावेदन जिकीर लिएको समेतबाट इजाजत पत्रमा सेक्युरिटी वण्ड जफत हुने शर्त नराखिएको भन्ने कारणले मात्र कसूर गरेको भन्न नमिल्ने ।
इजलास अधिकृत : पुनाराम खनाल
इति संवत् २०६६ साल जेठ ४ गते रोज शुभम् ।

२.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६० सालको रिट नं. ३४९८, उत्प्रेषण परमादेश, *बाबुराम खत्री वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

निवेदकउपर परेको उजूरीपश्चात् जन्म भएको कानूनी व्यवस्थासमेतका आधारमा निवेदकलाई कालोसूचीमा राखिएको र सोही निर्णयलाई यान्त्रिक तवरबाट परिपालन गरिएको कार्य कानूनसम्मत नदेखिने ।
इजलास अधिकृतः कविप्रसाद न्यौपाने
इति संवत् २०६६ साल जेठ १२ गते रोज शुभम् ।

३.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** मुद्दा नं.२०६५-CR-००२९ र ०१६८, कर्तव्य ज्यान, *जीतबहादुर बुढाथोकी वि. नेपाल सरकार*

मृतकलाई मार्ने मार्नुपर्ने कारण समेत नरहेको अवस्थामा तत्काल उठेको रिस थाम्न नसकी लात मुक्काले प्रतिवादी जीतबहादुरले मृतक जयमतीलाई कुटपीट गर्दा रुद्रबहादुरले छुट्याई दिएको अवस्थासमेत रहेको भएपनि सोही कुटपीटबाट थला परी ज्यानसम्बन्धीको १० नं अनुरूपको म्यादभित्रै अर्थात भोलिपल्ट निज जयमतीको मृत्यु भएको देखिँदा प्रतिवादीको उक्त कर्तव्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतकै देखिन आएबाट सोहीबमोजिम कैद वर्ष १० हुने ।

इजलास अधिकृतः- दीपककुमार दाहाल

इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम्

४.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.न.९०३३, लिखत दर्ता बदर, *अच्छेलाल महतो वि. राजेन्द्र राय यादव समेत*

आफ्नो अंश हकमा पर्ने जग्गासमेत वकसपत्रको माध्यमबाट हक हस्तान्तरण गरिदिएको लिखत र सोबाट भएको दर्तासमेत आफ्नो हक जति बदर गराउने पाउने नै हुँदा वादीको आधा जति लिखत र सोबाट भएको दर्तासमेत बदर भै वादीका नाममा दर्तासमेत हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने

इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम्

- यसै लगाउको २०५८ सालको दे.पु.नं. ८४७९, अंश दर्ता, *रुपनारायण यादवसमेत वि.राजेन्द्र राय यादव समेत* भएको मुद्दामा यसैअनुरूप फैसला भएको छ ।

५.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको फौ. पु.नं. ३३४१ र ३२१३, *नेपाल सरकार वि. अच्युतराज गौतम समेत*

सञ्चालक समितिले नै अधिकार प्रत्यायोजन गरी व्यवस्थापनलाई वार्ताद्वारा बिमान भाडामा लिनको लागि अधिकार दिएकोमा अभियोजन पक्षले चेज एयर भाडामा लिंने गरी सम्झौता गर्दा पुन सञ्चालक समितिमा सो कुरा छलफल नगराई बिमान भाडामा लिने कार्य गरेको भनी आरोप लगाएकोमा व्यवस्थापनलाई अधिकार प्रत्यायोजन भै सकेको बिषयलाई लिएर पुनः सो सम्बन्धी कारवाही सञ्चालक समिति समक्ष लैजानु पर्ने भन्नु उचित नहुने ।

लिनु खानु नै गरेको प्रमाण नभएपछि बद्नियत गरेको निष्कर्ष निकाली आरोपित अभियोगमा कसूर कायम गरी दोषी करार गरी आफैँमा अमिल्दो र विरोधाभाषपूर्ण एवं तथ्यहीन ठहर हुन गएको मान्नुपर्ने ।

सम्झौताको शर्तअनुसारको कार्य पूरा नहुने अवस्था देखिएपछि स्वयं प्रतिवादीहरू समेतको सक्रियतामा निगमको नोक्सानी हुन गएको रुपैया फिर्ताको कारवाहीअगाडि बढाएको चेंज एयरका विरुद्ध अमेरीकी अदालतमा मुद्दा परी चेंज एयरका प्रतिनिधि सेसिल बिर्न्टसबाट निगमको नोक्सानी भएको रकमसमेत भरी पाउने भनी अमेरिकी अदालतबाट फैसलासमेत भएको अवस्थामा निगमलाई नोक्सानी भएको भन्ने जिकीरसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः स्वीकृति पराजुली

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६५ साल चैत १२ गते रोज ४ शुभम्

६.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं.०३३२, उत्प्रेषणयुक्त परमादेश, *मीनबहादुर खड्का वि. भूमिसुधार कार्यालय बबरमहल समेत*

वुझ्न पर्ने प्रमाण बुझी मोही र जग्गाधनी दुवै पक्षलाई नरमकरम हुने गरी कानूनबमोजिम गरिदिएको जग्गा बाँडफाँडको विरुद्धमा र प्रमाण बुझी न्याय निरुपण हुने विषयमा रिट क्षेत्र आकर्षित हुन नसक्ने ।

इजलास अधिकृत : मोहनराज भट्टराई

इति संवत् २०६६ साल असार १० गते रोज ४ शुभम्

७.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको रिट नं. WO ०३९३, उत्प्रेषण, *ज्योती पाण्डे समेत वि. कृषि विकास बैंक लिमिटेड, मुख्य कार्यालय समेत*

कुनै मनासिव आधार कारणबेगर लिइसकेको परीक्षाको विज्ञापन नै रद्द गर्दा बैंक स्वच्छाचारी हुनगएको देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन कार्यान्वयन गर्ने क्रममा कानूनको व्यवस्थासम्म उल्लेख भएकै आधारमा गरेको कृषि विकास बैंक लिमिटेडको निर्णय कानूनबमोजिम भए गरेको नदेखिने ।

इजलास अधिकृत : पुनाराम खनाल

इति संवत् २०६६ साल जेठ २६ गते रोज ३ शुभम्

८.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०५८ सालको फौ.पु.नं. ३१०७, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. खेमराज पाण्डे*

अदालतमा पीडितको भनाई प्रमाणित भएपछि निजले अदालतमा वकपत्र गर्दा अन्यथा भन्नुले खास असर पार्ने हुँदैन । मौकामा प्रमाणित भएको त्यस्तो भनाइलाई मिसिलबाट देखिएको परिस्थिति र अन्य प्रमाणबाट समर्थित भएको खण्डमा प्रमाणमा लिनुपर्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

इति संवत् २०६६ बैशाख २९ गते रोज ३ शुभम् ।

९.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या. सुशीला कार्की,** २०६१ सालको दे.पु.नं. ९९७८, रै.प.ना.सा. जग्गा दर्ता हक कायम समेत, *चिनीनानी राजभण्डारी समेत वि. कुदम कायस्थ समेत*

मिति २००४।३।१ को शे.व. दिने दाता वेटी राजभण्डारीको मृत्यु २०१८ सालमै भएको र निजको मृत्युपश्चात् शे.व. पाउने पूर्णबहादुर र रामचन्द्र सो अवस्थामा जीवितै रही सोको दुई बर्षको म्यादभित्र उजूर नगरी सो अवधि व्यतीत गरी बसी निजहरू समेतको अवसान (मृत्यु) पछि यी प्रत्यर्थी प्रतिवादीहरूले लामो दीर्घकालीन समयपश्चात् विवादित जग्गाहरूमा दावी जिकीर लिएको हदम्यादबिहीन भएको स्वतः पुष्टि हुने ।

इजलास अधिकृतः काजीबहादुर राई

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६६ साल बैशाख २२ गते रोज ३ शुभम्

- यसै लगाउको २०६१ सालको दे.पु.नं. ९९७७ रै.प.ना.सा. जग्गा दर्ता हक कायम समेत, *चिनीनानी राजभण्डारी समेत वि. कुदम कायस्थसमेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१०.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ०५४७, कर्तव्य ज्यान, *तेजकुमार श्रेष्ठ वि. नेपाल सरकार*

घटनास्थल एवं लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवालाले आफ्नो जाहेरीलाई पुष्टि हुने गरी अदालतमा आइगरेको वकपत्र, मृतकको मृत्यु आफूले प्रहार गरेको छुरीबाट भएको भनी प्रतिवादी तेजकुमार श्रेष्ठले अदालत एवं अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती वयान समेतका आधारमा मृतकको मृत्यु प्रतिवादीबाट प्रहार भएको छुरीको कारणले भएको हुँदा अभियोग दावीबमोजिम निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

- यस्तै प्रकृतिको २०६५ सालको फौ.पु.नं. ०७५९, *बीरबहादुर भोम्जन वि नेपाल सरकार* भएको मुद्दामा यसैअनुरूप फैसला भएको छ ।

इजलास अधिकृत : मोहनराज भट्टराई

इति संवत् २०६६ साल जेठ ६ गते रोज ४ शुभम् ।

## इजलास नं. २

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६० सालको फौ.पु.नं. ३२३९ र ३२४९, जालसाजी, *गजेन्द्रबहादुर घर्तीक्षेत्री वि.सागरजंग लामिछानेको संरक्षक भई आफ्नो हकमा समेत अनीता लामिछाने*

जुन अंश लिखतलाई जालसाज घोषित गरिपाऊँ भनी वादीले दावी लिएको हो, सोही लिखतको आधारमा प्राप्त गरेको सम्पत्तिबाट हाल आएर वादीले प्रतिवादीबाट अंशबापत जग्गा एवं अन्य नगद लिई पाई मिलापत्र गरिसकेको अवस्थामा प्रतिवादीहरू बीच भएको अंश भरपाईको लिखतलाई जालसाज ठहऱ्याउन कानूनसम्मत नहुने ।

इजलास अधिकृत : राजेन्द्र अधिकारी

इति संवत् २०६६ असार १५ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं. ८९४४, अंश चलन, *गणेशबहादुर चित्रकार समेत वि. नारायणबहादुर चित्रकार*

एउटा अंशियारले चाहेमा जुनसुकै बेला पनि आफ्नो अंश हकको सम्पत्ति अर्को अंशियारलाई बकस गरिदिन कुनै कानूनी बाधा नपर्ने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल जेठ २० गते रोज ४ शुभम्

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको फौ.पु.नं. CR ००११, कर्तव्य ज्यान, *लक्ष्मण बोहरा समेत वि. नेपाल सरकार*

सम्बन्धित विशेषज्ञ डाक्टरबाट जाँच गरी यी प्रतिवादीको मानसिक अवस्था ठीक रहेको भनी दिएको राय प्रतिवेदनलाई बिनाआधार प्रमाण अमान्य गर्न समेत मिल्दैन । त्यस्तो रायको सत्यताउपर प्रतिवादी स्वयंले सबूद प्रमाणबाट वस्तुनिष्ठ रूपमा खण्डन गर्नुपर्ने हुन्छ । यी सबैको अभावमा केवल मानसिक अवस्था ठीक थिएन भन्दैमा कसूरको सजायबाट उन्मुक्ति पाउने आधार बनाउन नमिल्ने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : वेदना अधिकारी
संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.पु.नं. ९९८४, जग्गा खिचोला समेत, *राज लामा समेत वि. जगतबहादुर अधिकारी*

आफ्नो नाममा विधिवत् रूपमा दर्ता भै स्रेस्ता कायम हुन बाँकी नै रहेको जग्गामा प्रतिवादीले खिचोला गरे भनी लिएको फिराद दावी कानूनसँगत नदेखिने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : वेदना अधिकारी
इति संवत् २०६६ साल असार ९ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको फौ.पु.नं. २०६५-CR–०१०७, कर्तव्य ज्यान, *दिलबहादुर बराइली वि. नेपाल सरकार*

आपराधिक मनसाय राखी गरेको कार्यमा प्रतिवादीले लक्षित गरेको व्यक्ति नपरी अर्कै व्यक्ति पर्न गई बेग्लै परिणाम निस्कन गएको अवस्थामा प्रतिवादीको मानिस मार्ने आपराधिक मनसाय विद्यमान रहिरहेको हुनाले एउटा व्यक्तिलाई लक्षित गरिएको चोट वा प्रहारबाट अर्कै व्यक्ति मर्न गएकोमा पनि सरेको मनसाय (Transferred Malice) को आधारमा त्यस्तो कसूरमा अभियुक्तले कानूनबमोजिम सजायको भागीदार बन्नै पर्ने । आपराधिक मनसायपूर्वक गरिएको आपराधिक कार्यबाट एउटा लक्षित व्यक्तिको सट्टा अर्को व्यक्ति पीडित बन्न गएमा पनि त्यस्तो कार्यलाई आपराधिक दायित्वबाट उन्मुक्ति दिन नमिल्ने ।

पूर्व नियोजित रूपमा ज्यान लिने इवी लिई कसैले कुनै व्यक्तिउपर प्रहार गरी हत्या गर्दछ भने अ.वं. १८८ नं. को प्रयोग गरी कसूरदारलाई ऐनबमोजिम हुने सजाय कम गर्न नमिल्ने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

६.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०५८ सालको दे.पु.नं.७९२६ र ७९२७, अंश, *मीनेश्वर भन्ने भीमसेन राजवंशी वि. रुग्दो राजवंशी समेत*

व्यवहार प्रमाणसमेतबाट वादी प्रतिवादी मध्येका कुनै अंशियार पहिले नै छुट्टिई भिन्न भएको देखिएको अवस्थामा पैतृक जग्गाजमीनमध्ये कुनै जग्गा अंशियारहरूको संयुक्त नाममा रहँदैमा त्यसैका आधारमा मात्रै त्यस्ता अंशियारहरू सगोलमा रहेको मान्न नसकिने ।

इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : बेदना अधिकारी
इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

७.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रेम शर्मा,** २०५९ सालको दे.पु.नं. ८५३३, हक कायम समेत, *रामप्रसाद सेढाई वि. अर्जुनप्रसाद सिलवाल समेत*

क्षे.फ. २-८-१-३ सम्ममा प्रत्यर्थी वादीको हक कायम हुनेमा त्यति हदसम्म प्रतिवादीले गरेको दर्ता बदर गरी वादी दावीबमोजिम वादीको हक कायम हुने देखियो । वादी दावी नै पुग्न नसक्ने ठहर गरेको शुरुको फैसला उल्टी गरी कि.नं. ३५३ को पूरै जग्गाको दर्ता बदर गरी वादीको हक कायम हुने ठहर गरेको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई विवादित कि.नं. ३५३ को क्षे.फ. ३-८-१-३ मध्ये दक्षिणतर्फबाट क्षे.फ. २-८-१-३ सम्मको जग्गामा मिति २०४९।५।२ को मालपोत कार्यालय, नुवाकोटको निर्णयले पुनरावेदक प्रतिवादीका नाममा भएको दर्ता बदर भई वादीको हक कायम हुने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६६साल जेठ १२ गते रोज ३ शुभम् ।

८.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५९-CR-०१४२, जालसाजी, *प्रेमनारायण बराल समेत वि. गंगादेवी बराल समेत*

जालसाजपूर्वक नाता प्रमाणित सिफारिश खडा गर्ने भनिएको मुख्य व्यक्ति प्रतिवादी शमशेरबहादुर बरालको हकमा प्रत्यर्थी वादीहरूले आफ्नो वादी दावी छोडी मिलापत्र गरिसकेको अवस्थामा विवादित वडा समितिको मुचुल्का र गा.वि.स. कार्यालयको सिफारिशमा रहेका अन्य प्रतिवादीहरू उपरको वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः निर्मला भट्ट

इति संवत २०६५ साल फागुन २३ गते रोज ६ शुभम् ।

९.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६४ सालको फौ.पु.नं. ०६५-CR-०६९५, भ्रष्टाचार, *अनीलकुमार झा वि. नेपाल सरकार*

राष्ट्रसेवकको पदमा बढुवा पाउने उद्देश्य लिई गैरकानूनी रुपबाट शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र तयार गरी गराई आफूले हासिल नै नगरेको शैक्षिक योग्यता हासिल गरेको भनी योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरेको कार्य तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को १६ (१) बमोजिम कसूरजन्य देखिने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटर : वेदना अधिकारी

इति संवत् २०६६ साल असार १२ गते रोज ६ शुभम् ।

१०.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६२ सालको रिट नं.३५२१, उत्प्रेषण, *मुकुन्दप्रसाद वैद्य वि. अजयकुमार नेपाल समेत*

लगत बदर भैसकेपछि त्यस्तो लगत नै नरहेको जग्गामा निवेदकको हक नै स्थापित नभएकाले त्यस्तो आफ्नो हकै नभएको विषयमा अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर भएको रिट निवेदन खारेज हुने ।

इति संवत् २०६५ साल चैत्र २० गते राजे ५ शुभम् ।

११.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.नं. ८४८६ र ८४८७ *जमुना सिलवाल समेत वि. मिश्री सिलवाल*

वादीले जसको अंश भागबाट अंश पाउने हो, सो मूल अंशियारले नै वण्डा लाग्ने जग्गा होइन भनिरहेको अवस्थामा वादीले वण्डा लाग्छ भन्दैमा त्यस्तो सम्पत्ति सगोलको मानी वण्डा गर्न नमिल्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटर : मुकुन्द विष्ट

इति संवत् २०६६ साल असार १० गते रोज ४ शुभम् ।

१२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्रलाल,** २०५९ सालको दे.पु.नं. ८४२०, अंश नामसारी दाखिल खारेज, *परमेश्वर चौधरी वि. जीयन चौधरी*

एकपटक विधिवत् रूपमा अंशवण्डा भई सो बण्डाअनुरूप वादी प्रतिवादीका भागमा परेका जग्गा जमीन निजहरूले आआफूले दर्ता गराई भोग विक्री व्यवहारसमेत गरिसकेको अवस्थामा रजिष्ट्रेशनको १ नं. बमोजिम वादी प्रतिवादीबीच मानो जोडिएको वा अंश सगोलमा मिसाइएको भन्ने लिखित पारित

नभएसम्म वादी प्रतिवादीलाई एकासगोलको अंशियार रहेछन् भनी मान्न नमिल्ने ।
इजलास अधिकृत : विदुर कोइराला
कम्प्युटर : वेदना अधिकारी
इति संवत् २०६६ साल असार १० गते रोज ४ शुभम् ।

१३.

**मा.न्या श्री प्रेम शर्मा र मा.न्या श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं.९९५७, ९९५८, लिखत दर्ता बदर दर्ता कायम, *तलीयादेवी तत्मैनी समेत वि. हरिनारायणदास दास तत्मा समेत, शितलकुमार तत्मा वि. हरिनारायणदास तत्मा*

घरको मूल पुरुष वृद्ध बाबु मटुकलाल जीवित रही निजको छोरा प्र. हरिनारायण दासले निज समेतको सरसल्लाह र अभिभावकत्वमा घर व्यवहार चलाएको निःसन्देह देखिएको अवस्थामा मुलुकी ऐन लेनदेन व्यवहारको ८ नं.मा भएको कानूनी व्यवस्थाअनुसार मटुकलाल समेतलाई पारित राजीनामाको लिखतमा साक्षी राखेको देखिएको अवस्थामा पुनरावेदक वादीहरूका पति, बाजे तथा प्र. हरिनारायणलगायत एकासगोलमा रही बसी आएको र प्र. हरिनारायणले आफ्ना बाबु मटुकलालसँग अंश भाग लिएको स्थितिमा मात्र पुनरावेदक वादीहरूलाई विवादित लिखतमा अनिवार्य रूपमा साक्षी राख्नै पर्ने नदेखिने ।
इजलास अधिकृत : काजीबहादुर राई
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६६ साल बैशाख २२ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको फौ.पु.नं. CR ०१८२, कर्तव्य ज्यान, *मीना शेर्पा वि. नेपाल सरकार*

जाहेरवालाको किटानी जाहेरी र अदालतसमक्षको वकपत्र, शव परीक्षण प्रतिवेदन, वारदातस्थलमा रगत लागेको खुकुरी बरामद भएको बरामदी मुचुल्का, घटनास्थल मुचुल्काका कोमा गुरुङ्गको वकपत्र समेतबाट प्रतिवादी मीना शेर्पाले मृतकलाई खुकुरीले घोची अत्याधिक रक्तश्रावबाट मृतकको मृत्यु भएको भन्ने तथ्य स्थापित भएको देखिन आएकोले प्रतिवादी मीना शेर्पालाई मुलुकी ऐन ज्यानसम्बन्धीको १ नं. को कसूरमा ऐको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ।
इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल बैशाख ३० गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम**, २०५७ सालको रिट नं. ३२८१, उत्प्रेषण, *सुदर्शनप्रसाद भट्ट ख.क्षे. समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

संलग्न प्रमाण समेतलाई मध्यनजर राखी तथ्यगत आधारमा जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ (ख) द्वारा गठित समितिले गरेको औचित्यगत निर्णय मिले नमिलेको भनी पुनरावेदन तहमा झै रिट क्षेत्रबाट निर्णय गर्न नमिल्ने ।
यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०५७ सालको रिट नं. ३२७९, उत्प्रेषण, *सुदर्शनप्रसाद भट्ट ख.क्षे. समेत वि.भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*
- २०५७ सालको रिट नं. ३२८०, उत्प्रेषण, *सुदर्शनप्रसाद भट्ट ख.क्षे. समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : वेदना अधिकारी
इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम**, २०६५ सालको रिट नं.०६५-WH-००६०, बन्दीप्रत्यक्षीकरण आदेश जारी गरिपाऊँ, *अधिवक्ता राकेशकुमार साह वि. जिल्ला प्रशासन कार्यालय काठमाडौँ समेत*

अधिकारप्राप्त अधिकारीको आदेशबाट म्याद थप लिई थुनामा राखेकोलाई गैरन्यायिक एवं गैरकानूनी थुना भन्न नमिल्ने ।

इजलास अधिकृतः अर्जुन अधिकारी
इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०५८ सालको दे.पु.नं. ८६३६, नापी दर्ता वदर, *नरबहादुर लिम्बु वि. विष्णुप्रसाद बराल*

वादी प्रतिवादीहरू कसैको नाउँमा दर्ता भएको नदेखिएको अवस्था एवं स्थितिमा नापी र मालपोतको अधिकारक्षेत्रअन्तर्गतको कारवाही बाँकी छदै अदालतबाट हक बेहक गरी दर्ता स्रेस्ता कसको कायम हुने भन्नेतर्फ विचार गर्ने अवस्था नआउने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०५८ सालको दे.पु.नं. ७६१६, नापी दर्ता वदर, दर्ता कायम, *भीमप्रसाद बराल वि. नरबहादुर लिम्बु*

२०५४।९।१८ मा खडा भएको नक्सा मुचुल्का समेतका मिसिल संलग्न कागजातहरूको अध्ययन एवं विश्लेषणबाट वादीले मिति २०३१।५।७ को गोश्वारी राजीनामाबमोजिमका जग्गाहरू हालको नक्साको न.नं. २८ भित्रका हुन् भनी लिएको दावी उक्त २०३१ सालको गोश्वारी राजीनामामा उल्लिखित चार किल्लासँग मेल खाएको नदेखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०५९ सालको फौ.पु.नं. ३३५४ र २६७५, बाली लुटपीट, *भीमप्रसाद बराल वि. नरबहादुर लिम्बुसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं. ११७४, मोही निष्काशन, *रामप्रसाद चौधरी वि. भवरलाल तातेड*

मोही जग्गा बाँडफाँडसम्बन्धी प्रावधान २०५३।९।२४ मा लागू भएकोमा ऐन क्रियाशील हुनु अगावै २०५० सालको वालीको विषयलाई लिएर पुनरावेदन अदालत राजविराजले तत्काल प्रचलित भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९(१) को कानूनी व्यवस्थाका आधारमा मोहीको दायित्व पूरा नगर्ने पुनरावेदक प्रतिवादीको मोही हक समेत निष्काशन हुने ठहर गरेको कानूनसम्मत देखिने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
इति संवत् २०६६ साल बैशाख ४ गते रोज ६ शुभम् ।

७.

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम**, २०६४ सालको दे.पु.नं. ०६९७, कुत दिलाई मोही निष्काशन, *कन्हैयालाल भगत वि. परमानन्द मेहता*

भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधन मिति २०५३।९।२४ मा लागू भै अस्तित्वमा आइसकेकोमा २०६० सालको वालीको सम्बन्धमा वाली दिलाई मोही निष्काशन गरिपाऊँ भनी दावी गरेको देखिँदा कुत नबुझाएको भन्ने आधारमा मात्र मोहीलाई मोही हकबाट निष्काशन गर्नु न्यायसँगत एवं संशोधित कानूनी व्यवस्थाको भावना अनुकूल नदेखिने ।

- यस्तै प्रकृतिको २०६४ सालको दे.पु.नं. ००३८, कुत मोही, *घनश्यामकुमार पाण्डे वि. रामअयोध्या सहनी मलाहा* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी
इति संवत् २०६६ साल बैशाख ४ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री दामोदरप्रसाद शर्मा**, २०६३ सालको रि.नं. ०४०२, परमादेश *इन्दिरा बस्नेत वि. प्रेमबहादुर श्रेष्ठ समेत*

जवर्जस्ती करणी जस्तो महिलाउपर हुने अपराधमा वर्तमान ३५ दिने हदम्यादलाई बढाउन यस अदालतबाट २०६१ सालको रिट नं. ३३९३ मा निर्देशनात्मक आदेश जारी भएको हो । यस्तो गम्भीर विषयमा आजसम्म जवर्जस्ती करणीको महलको ११ नं.संशोधन भएको नदेखिँदा उक्त ज.क.महलको ११ नं.लाई नेपाल सरकारले चाँडो संशोधन गर्न ध्यान नदिने हो भने अझ अरू कति हदम्याद नाघेको कारण पीडितउपर पीडित हुनुपर्ने हो, यो सरकारले बुझ्न पर्ने भएकाले यससम्बन्धमा आवश्यक कारवाहीको लागि निर्देशनात्मक आदेश जारी हुने ।

इति संवत् २०६५ साल माघ २७ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. WO-००७३, उत्प्रेषणयुक्त परमादेश, *जगन्नाथप्रसाद राजवंशी वि. लक्ष्मणलाल कर्ण समेत*

संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ३१ र ऐ नियमावली २०६४ को नियम १९ बमोजिम सो दललाई 'हात' निर्वाचन चिन्ह प्रदान गर्ने निर्णय गरेको अवस्थामा पार्टी एकीकरण गरिपाऊँ भनी दुवै पार्टीका पदाधिकारीहरूले आ-आफ्नो पार्टीको राष्ट्रिय कार्य समितिको निर्णयअनुसार दिएको संयुक्त निवेदन दर्ता गराएको आधारमा निर्वाचन आयोगले गरेको निणर्यमा कुनै त्रुटि नदेखिने ।

इति संवत् २०६५ साल फागुन ५ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको स.अ.फौ.पु.नं. CR-०००३, वन पैदावार ओसार पसार, *नेपाल सरकार वि. निरज सिँह समेत*

काठधनीले पनि काठ आफ्नो भएको र आफूले किनेको काठ ढुवानी गराएको भन्ने कुरा लेखाएको र सर्जमिनका मानिसहरूले समेत ट्रक र प्रतिवादीहरू काठ तस्कर होइनन् भनी लेखाएको देखिन्छ । साथै ट्रकधनी निरज सिँह पनि ट्रकमा सँगसाथ नरहेको र ट्रकमा काठ ल्याउन भनी नअह्राएको अवस्थामा केवल भाडा लिने उद्देश्यले मात्र सवारी चालकले काठधनीको अनुरोधमा भाडा लिई उक्त काठ ओसारी दिएको हुँदा चालकलाई नै अन्य स्वतन्त्र प्रमाणको अभावमा दोषी मान्न नमिल्ने ।

चालक नै निर्दोष भएपछि सवारीधनीलाई सजाय गर्न र निजको सवारी साधन वन ऐन, २०४९ को दफा ६६ अनुसार जफत गर्न नमिल्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६५ साल माघ २८ गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री रणबहादुर बम,** २०६० सालको रिट नं. २९९३, उत्प्रेषण परमादेश, *विनोद सिँह सिख वि. सशस्त्र प्रहरी बल बडी मालिका गण वनवेहडा कैलाली समेत*

सुनुवाइको मौका नदिई सेवाबाट हटाउने गरी भएको विपक्षीको मिति २०५९।९।२१ को निर्णय र त्यसलाई सदर गरेको सशस्त्र प्रहरी नायव महानिरीक्षकको मिति २०५९।१०।२१ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल जेठ १८ गते रोज २ शुभम् ।

५.

**मा.न्या.श्री बलराम के.सी. मा.न्या.श्री रणबहादुर बम,** संवत् २०६० सालको रिट नं. ३२२४, उत्प्रेषणयुक्त परमादेश, *चक्रबहादुर तामाङ वि. प्रहरी प्रधान कार्यालय समेत*

जिल्ला अदालतमा चलेको कैदी भागे भगाएको मुद्दा पनि नेपाल सरकारले फिर्ता लिई सकेको देखिएकोले निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी मिति २०५८।११।१३ मा भएको विभागीय निर्णय र मिति २०६०।८।३ मा भएको पुनरावेदन दुवै निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदकलाई साबिक पदमा काममा लगाउनू भनी परामादेश जारी हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल जेठ १८ गते रोज २ शुभम् ।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६१ सालको फौ.पु.नं. ३७८७, ३७८८, ज्यान मार्ने उद्योग, *दीपेन्द्र कँडेल समेत वि. नेपाल सरकार* तथा *ज्ञानेन्द्र कँडेल वि. नेपाल सरकार*

पीडित नवराज वर्तौलाको अंगभंग भएकोमा पीडितले कहिले पनि खेलकूद खेल्ने र गह्रौं उचाल्ने, बोक्ने गर्न हुँदैन भनी पीडितको स्वास्थ्य परीक्षण गर्ने विशेषज्ञ डाक्टरले अदालतमा बकपत्र गर्दा लेखाएको अवस्थामा कुटपीट वारदातको कारणबाटै भएको प्रमाणित हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६५ साल फागुन ६ गते रोज ३ शुभम् ।

७.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको दे.पु.नं. ९९५३, बाली दिलाई मोही निष्काशन, *बसिर मिया वि. जीतेन्द्रप्रसाद सिंह*

जग्गावालालाई कुत बुझाएको भरपाई वा कुत धरौट राखेको नदेखिएको अवस्थामा मोही हकबाट निष्काशन गर्ने हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल जेठ २२ गते रोज ६ शुभम् ।

८.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं.०३१४, अंश, *भानदेव ओझा समेत वि.चम्फा देवी ओझा*

सम्बन्ध विच्छेद हुने वा नहुने जे भएपनि स्वास्नीले लोग्नेसँग अंश लिन पाउने निजको नैसर्गिक हक हो ।

नातामा विवाद नभएको प्रतिवादीहरूले वादीलाई घरमा नबसी माइतमा गएर बसेको कारण अंश दिनु नपर्ने जिकीर प्रमाणित गर्न नसकेपनि कसैको बुहारी पत्नी घरमा हेला गरी खान लाउन नदिई निकाला गरेको कारण माइत गई बसेको कारण अंश पाउन नसक्ने हुँदैन । महिलाले पुरुषसँग विवाह गर्नासाथ पतिको भागको अंशबाट एक भाग अंश पाउने हक प्राप्त अधिकार बन्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार १० गते रोज ४ शुभम् ।

९.

**मा.न्या.श्री बलराम के.सी.र मा.न्या.श्री सुशीला कार्की,** २०६५ सालको साधक नं. RC ००१०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हरिबहादुर सारु*

ज्यान मार्ने क्रियाजस्तो गम्भीर दयाहीन र क्रूर कार्य आफूले गरेको भनी साबित हुनुबाट प्रतिवादी जस्तो Non professional व्यक्तिले पुनः अरु अरुलाई पनि हत्या गर्ला भनेर अदालतले सोच्न सक्तैन । प्रतिवादी पेशेवार अपराधी नभएको कारणले गर्दा प्रतिवादी समाज र उसको आफ्नो छिमेकीको लागि खतरा पनि नभएकोले प्रतिवादीलाई हदैसम्म कारागारमा राख्न आवश्यक पनि देखिएन । तसर्थ प्रतिवादीलाई कारागारमा अरु कैदीसँगबाट मुक्त गर्ने गरी सुधीन र आफूले गरेको अपराध स्वीकारी अदालतसमक्ष न्याय सम्पादनमा समेत सघाउ पुऱ्याएको कारण समेतले गर्दा प्रतिवादीलाई अ.वं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६५ साल फागुन ९ गते रोज ६ शुभम् ।

१०.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६० सालको दे.पु.नं. ८३०८, अपुताली हक कायम, *रामसेवक कुर्मी वि. कुवेरमती कुर्मी समेत*

अपुतालीको महलको २ नं. र ११ नं. मा भएको तत्कालिन कानूनी व्यवस्था समेतका आधारमा मृतक विश्वनाथको स्याहार सम्भार एवं काजक्रिया वादी रामसेवकले गरेको देखिँदा निज विश्वनाथको नामको जग्गामा आधा छोरीहरूको र आधामा रामसेवकले गरेको देखिँदा निज विश्वनाथको नामको जग्गामा आधा छोरीहरू र आधामा रामसेवकले अपुताली पाउने फैसला गर्नुपर्नेमा आधा छोरीहरू र आधा रामप्यारे, रामबहादुर, रामसेवक र रामराजले ४ भागको १/१ भाग पाउने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको २०५९।१०।२१ को फैसला केही उल्टी भई आधा अपुताली छोरीहरू र आधा अपुताली वादी रामसेवले पाउने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६६ साल जेठ २५ गते रोज २ शुभम् ।

- यस्तै प्रकृतिको २०६० सालको दे.पु.नं. ८३०९, *रामसेवक कुर्मी वि. रामप्यारे कुर्मी समेत*को मुद्दामा यसैअनुसारको फैसला भएको छ ।

११.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं.१०४१, जग्गा दर्ता नामसारी, *मालपोत कार्यालय काठमाडौँ वि. विश्वलाल वैद्य*

प्रमाणको मूल्याङ्कन गरी हक वेहकको निरोपण गर्ने अधिकारक्षेत्र पुनरावेदक मालपोत कार्यालयलाई प्राप्त नभएकोमा उक्त जग्गा कृष्णगोपाल

वैद्यका नाममा अस्थायी दर्ता गर्ने गरेको निर्णय अधिकारक्षेत्रको अभावमा त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम् ।

१२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ०९८८, मानाचामल, *चण्डिकाप्रसाद सुवेदी वि.कमला सुवेदी (सापकोटा)*

मुलुकी ऐन, लोग्ने स्वास्नीको ३(१) नं. मा सम्बन्ध विच्छेद भएकी आमा र नभएकी आमा भनी पृथक गरेको नभएबाट जुनसुकै अवस्थाकी आमाले नावालक छोराछोरीलाई आफैले पाल्न इच्छा जाहेर गरेमा बाबुले मैले नै पाल्न पाउनुपर्छ भनी दावी गर्नसक्ने कानूनी आधार नदेखिने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम् ।

१३.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको दे.पु.नं. ९४५६, लेनदेन, *देवेन्द्रकुमार अग्रवाल वि. सुदर्शन साहू*

छोराले उठाई खाएको रकमको आधारमा बाबुलाई तिर्न बुझाउन पर्ने गरी बाध्य गराउन सकिने बारेमा कुनै कानूनी अवस्था रहेभएको नपाइने ।

इजलास अधिकृतः नारायण रेग्मी
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम्

१४.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको स. फौ.पु. नं. ००१४ र ००३६, कर्तव्य ज्यान, *नारायण सिँह देउवा वि. नेपाल सरकार*

हत्या गर्नेलाई कानूनले नै हत्या गर्ने आदेश दिएको हुँदैन बरु हत्या भइसकेपछि घटनाको प्रकृति, अवस्था एवं परिणाम हेरी बात लाग्ने नलाग्ने के हो, कानूनले निर्धारण गरेको सीमाभित्र पर्ने नपर्ने के हो भनी छुट्याउन पर्ने हुन्छ । ती आरोपित कसूरबाट फुर्सद पाउने अवस्थाहरू प्रमाणित भएको हुनुपर्ने ।

इजलास अधिकृत : नारायण रेग्मी
कम्प्युटरः सुदिप पंज्ञानी
इति संवत् २०६६ साल जेठ २७ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०५९ सालको स. फौ.पु.नं. ३१५६, भ्रष्टाचार, *गोकर्णबहादुर थापा वि. नेपाल सरकार*

आफ्ना जिम्मामा रहेको सामानको अन्यथा प्रमाणित गर्न नसकी सामान हिनामिना भएको प्रष्ट देखिएको तथा उक्त सामान चोरिएको भन्ने स्थापित हुन नसकेको र सो हिनामिना गर्ने कार्यमा निज प्रतिवादीबाहेक अरुको पनि संलग्नता रहेको भन्ने पुष्टि हुन नसकेको अवस्था हुँदा प्रतिवादीलाई दावीबमोजिम कसूर कायम गरी निजबाट बिगोसमेत भराउने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य
इति संवत् २०६६ साल जेठ १० गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको पु.वे.नं. ९७५४, नापी दर्ता बदर गरी सार्वजनिक बाटो कायम गरी पर्खाल भत्काई चलन चलाई पाऊँ, *कृष्णप्रसाद सिलवाल वि. दानबहादुर बोगटी समेत*

सार्वजनिक हक हितको विषयमा अ.वं.३६ नं. बमोजिम कारवाई चलाउन सकिने हुँदा हदम्याद नभएको भन्ने प्रश्नसमेत प्रस्तुत मुद्दामा सान्दर्भिक देखिएन । सार्वजनिक जग्गा दर्ता गराई जे जस्तो प्रकृतिबाट भोगचलन गरेको भए पनि त्यसले मान्यता प्राप्त गर्न सक्ने स्थिति नरहने ।

इजलास अधिकृत : राजेन्द्रकुमार आचार्य
कम्प्युटर : नम्रता बास्तोला
इति संवत् २०६६ साल असार ८ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६१ सालको फौ.पु.नं. ३८३६, जालसाजी, *सुस्मिता थापा वि. उर्मीला थापा समेत*

सबै मूल अंशियारले आफूले पाउने भाग लिई चित्त बुझाई कानूनबमोजिम पारित गरेको वण्डापत्रलाई वादीको भनाई मात्रमा बदर गर्दै जाने हो भने पारित बण्डापत्रको लिखतको अस्तित्वमा पनि अस्थिरताको अवस्था सिर्जना हुन जाने भै जनविश्वास घट्ने हुन्छ । त्यसैले जालसाजी भन्ने देखिने किटानी आधारबिना पारित बण्डापत्रलाई जालसाजी भन्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : नम्रता वास्तोला
इति संवत् २०६६ साल जेठ २० गते रोज ४ शुभम् ।

यसै लगाउका निम्नबमोजिमका मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.नं. १००९६, अंश चलन, *सुस्मिता थापा वि.उर्मीला थापा समेत*
- २०६१ सालको दे.पु.नं.१००९७, बण्डापत्र बदर, *सुस्मिता थापा वि.उर्मीला थापा समेत*

## इजलास नं. ६

१.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ९०४५, *लक्ष्मीप्रसाद वास्तोला वि. मालपोत कार्यालय ओखलढुंगा समेत*

निवेदमा उल्लिखित जग्गा यी पुनरावेदकका नाममा नामसारी हुने हो होइन सबूद प्रमाणहरूको विवेचना र मूल्याङ्कन गरी ठहर निर्णय गर्नुपर्नेमा सो नगरी निवेदकको निवेदन तामेलीमा राख्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रसाद संजेल
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ २८ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६४ सालको दे.पु.नं. ०६४-CI-०३४९, घरटहराबाट हटाई खिचोला मेटाई पाऊँ, *राम महर्जन वि. आशामाया महर्जन समेत*

जग्गा बेचिसकेपछि त्यस जग्गामा बनेका घर टहरा र सोलगायतका सम्पूर्ण लगापातहरू समेत बिक्री हुन्छ र घर लगायत अन्य त्यसमा भएका चीजवस्तुहरू बिक्री नगर्ने हो भने सो बिक्री नगरेको कुरा लिखतमा यो-यो कुराबाहेक भनी उल्लेख गरिएको हुनुपर्दछ । लिखतमा उल्लेख नगरिएमा सोमा भएका सम्पूर्ण चीजवस्तुहरू बिक्री भएको सम्झनु पर्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम्

३.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला**, २०६१ सालको दे.पु.नं. ९०३८, निर्णय बदर नवीकरण समेत, *खानी तथा भूगर्भ विभाग समेत वि. राजु खनाल*

पानोरमा कोल उद्योग प्रा.लि. ले उल्लिखित कानूनले तोकेका शर्तहरू पालना नगरी म्यादैभित्र नवीकरण नभएको हुँदा खानी तथा भूगर्भ विभागका महानिर्देशकबाट पानोरमा कोल उद्योगको प्रमाणपत्र रद्द गर्ने गरेको निर्णय कानूनसम्मत देखिने ।

इजलास अधिकृत: हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख २९ गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं. ८४२८, दर्ता बदर दर्ता, *टुनाबहादुर खत्री वि. सीतामाया खत्री*

वादीले आफ्नो हकको स्रोत भनी दावी गरेको लिखत झुट्टा ठहरेको र प्रतिवादीले आफ्नो हकको स्रोत भनी पेश गरेको राजीनामा लिखतलाई वादीले अन्यथा भन्न नसकी स्वीकारै गरेको अवस्थामा प्रतिवादीले नापी दर्ता गराएको विवादको जग्गा दर्ता बदर गरिपाऊँ भन्ने वादीको दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ १२ गते रोज ३ शुभम् ।

यस्तै प्रकृतिका देहायका मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.नं. ८४२७, दर्ता बदर दर्ता, *टुनाबहादुर खत्री वि. सीतामाया खत्री,*
- २०६१ सालका दे.पु.नं. ८४२९, जग्गा खिचोला चलन, *टुनाबहादुर खत्री वि. सीतामाया खत्री,*
- २०६१ सालको फौ.पु.नं. ३१४२, लुटपीट, *टुनाबहादुर खत्री वि. सीतामाया खत्री,*

- २०६१ सालको फौ.पु.नं. ३१४३, लुटपीट, *टुनाबहादुर खत्री वि. सीतामाया खत्री,*

५.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको स.फौ.पु.नं.०६५-CR-००९१, लागू औषध, *प्रदीप बस्नेत वि. नेपाल सरकार*

७ ग्राम लागू औषध एक जनाले मात्र सेवन गर्न सम्भव नहुने र आफूले तत्काल सेवन गरिरहेको मात्राभन्दा बढी लागू औषध निजको साथबाट बरामद भएको अवस्थामा बिक्री: वितरणको लागि राखेको भन्ने पुष्टि हुन आउने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल बैशाख ३० गते रोज शुभम् ।

६.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या श्री सुशीला कार्की,** २०६० सालको दे.पु.नं. ९३१९, निर्णय दर्ता बदर दर्ता, *चन्द्रलक्ष्मी साही (खड्गी) वि. भानुभक्त साही खड्गी समेत*

**मा.न्या.श्री ताहिर अली अन्सारीको रायः**

वादी स्वयं प्रतिवादीहरूका अंशियार नभएकोले अंश हक वा अंशसरहको हक प्रत्यक्ष वा बकसपत्रको माध्यमबाट प्राप्त गर्न सक्ने अवस्था छैन किनभने कानूनले अंशियार नै नभएको व्यक्तिले अन्तर्निहित हकको रूपमा अंश हकको दावी गर्न र प्राप्त गर्न नसक्ने ।

शेषपछिको बकसपत्रमा जे लेखिएको छ त्यसको दायरा त्यत्तिमा सीमित हुन्छ । यसले प्राप्तकर्तालाई स्वामित्वसम्बन्धी असीमित अधिकार वा अंशियारको हैसियत प्रदान गर्दैन ।

**मा.न्या. सुशीला कार्कीको रायः**

एक मात्र सन्तान छोरी भएकोमा पुरुष सरह अंश हक नपाउने भन्न मिल्दैन, जब शेषपछिको वकसपत्र वादीले प्राप्त गरिन उनको पिताको मृत्युपश्चात् आमाले पाउने सम्पूर्ण चल अचल सम्पत्तिमा हक कयम भै निजका पिता र माताको अंश हकमा अन्य अंशियार सरह हक कायम हुने ।

प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) अनुसार निर्णयार्थ पूर्ण इजलासमा पेश गर्ने ।

इजलास अधिकृत : हेमबहादुर सेन
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६५ साल चैत ३१ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६० सालको दे.पु.नं. ९३१८ र ९३२०, लिखत दर्ता बदर, *चन्द्रलक्ष्मी साही (खड्गी) वि. संघरत्न साही समेत* भएको मुद्दामा यसैअनुरूप फैसला भएको छ ।

७.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं.२०६५-CI-०४१४, अंश चलन समेत, *बालकृष्ण महर्जन वि. पार्वती महर्जन*

एकासगोलमा रहेका अंशियारमध्ये कुनै अंशियारको नाममा रहेको सम्पत्ति निजी आर्जनको हो भन्ने कुरा तथ्ययुक्त रुपबाट स्थापित नभएको अवस्थामा सबै अंशियारबीच वण्डा लाग्ने सगोलको सम्पत्ति मान्नु पर्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन

- यसै लगाउको २०६५ सालको दे.पु.नं. ०६५-CI-०४१५, *श्याममाया माली वि. पार्वती महर्जन* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

८.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. २०६३-CI-०८०६, अंश चलन, *लीलाबहादुर थापा मगर समेत वि. मनकुमारी थापा मगर*

एकासगोलका पतिको नाममा रहेको कुनै तवरबाट प्राप्त भएको सम्पत्तिमा सगोलकी पत्नीको अंश हक रहँदैन भन्न नमिल्ने ।

इजलास अधिकृत : मातृकाप्रसाद आचार्य
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०६६ साल जेठ १३ गते रोज ४ शुभम् ।

९.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं.९००१, अंश दर्ता, *गणेशप्रसाद कुर्मी समेत वि. रुपेन्द्रप्रसाद कुर्मी*

प्रत्यर्थी वादी यी पुनरावेदकहरूका एकासगोलका अंशियार देखिएको र पुनरावेदकहरूसँग निज वादी रुपेन्द्रप्रसाद कुर्मी विधिवत् छुट्टिभिन्न भएको भन्ने मिसिल संलग्न कुनै कागजातबाट देखिन नआएकोले कि.नं. १२० को मोही हकको जग्गाबाहेक तायदातीमा उल्लिखित सम्पत्तिबाट वादीले दावीबमोजिम ४ खण्डको १ खण्ड अंश पाउने ।

इजलास अधिकृत : बासुदेव पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल बैशाख २३ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ४४९, हाडनाता करणी, *नगेन्द्रबहादुर खत्री वि. बालाराम खत्री*

समाव्हान म्याद गुजारी प्रतिउत्तरपत्र नफिराई बसेकै कारणले प्रतिवादीउपरको हाडनाता करणी उपरको मुद्दामा दावी पुष्टि गर्ने प्रमाणको रूपमा लिन नमिल्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल जेठ १७ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं. ८१७०, जग्गा खिचोला चलन, *रामाकान्त साह तेली समेत वि. इनर महतो धानुक*

आफ्नो जीवनकालमा वादीका बाबुले नै स्थापित गर्न नसकेको रै.नं. ५ को जग्गासम्बन्धी हक निजको मृत्युपछि निजको छोरा यी वादीले सोही बाबुको हक देखाई स्थापित गर्न नसक्ने हुन्छ । हदवन्दीसम्बन्धी कारवाहीको सिलसिलामा कि.नं. ११७ को जग्गा पनि आफ्नो हकको हो भनी सो जग्गा नदेखाई जग्गाधनी दुर्गा साहले वयान गरेको अवस्थामा सो जग्गामा हाल निजको छोरा यी वादीले आफ्नो बाबुको हक कायम गराउन नसक्ने ।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०५९ सालको दे.पु.नं. ८१६८, जग्गा खिचोला चलन, *रामाकान्त साह तेली समेत वि. इनर महतो धानुक*
- २०५९ सालको देपु.नं. ८१६९, लिखत दर्ता बदर, *रामाकान्त साह तेली समेत वि. सीतादेवी अर्याल*
- २०५९ सालको देपु.नं. ८१७१, नामसारी निर्णय दर्ता बदर, *विजयनारायण साह तेली समेत वि. इनर महतो धानुक*

इजलास अधिकृतः भुवन सिंह थापा

कम्प्युटर : धनबहादुर गुरुङ्ग

इति संवत् २०६५ साल फागुन ६ गते रोज ३ शुभम् ।

२.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६० सालको दे.पु.नं. ९५८४, हक कायम, *नन्दलाल साह कानू वि. हजारी साह कानू*

एक अंशियारको अंश भागको जग्गा अर्का अंशियारको नाममा नाप नक्सा हुँदैमा सो जग्गामा अंश हक जस्तो नैसर्गिक अधिकारबाट स्थापित स्वामित्व स्वतः समाप्त भई निजकै हो भनी मान्न नमिल्ने ।

इजलास अधिकृत : सुदीप दंगाल

इति संवत् २०६६ साल जेठ २६ गते रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६० सालको फौ.पु.नं. ३६०६, कीर्ते, *नन्दलाल साह कानू वि. हजारी साह कानू*

विवादित भरपाईमा उल्लिखित मिति २०५६ साल माघ २० गते रोज ७ लेखिएको पाइन्छ । तर वास्तविकतामा २०५६ साल माघ २० गते रोज ७ नभै ५ भएको पुष्टि हुन आउँछ । साथै वादीको उक्त दावीलाई समर्थन गरी निजको साक्षीले समेत अदालत समक्ष पकपत्र गरिदिएको अवस्थामा उक्त भरपाई कीर्ते प्रमाणित हुने ।

इजलास अधिकृत : सुदीप दंगाल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल जेठ २६ गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको फौ.पु.नं. ०६३२, भ्रष्टाचार, *नेपाल सरकार वि. महेशजंग राणा समेत*

सहुलियत दरमा आयल निगमले उपलब्ध गराएको मट्टीतेल यी प्रतिवादीहरूले तोकिएको स्थानमा बिक्री नगरी अन्यत्र बिक्री गरेको आयल निगमलाई हानि नोक्सानी पुऱ्याएको भनी बिनाआधार प्रमाण अनुमानकै भरमा यी प्रतिवादीहरूलाई कसूरदार ठहऱ्याई सजाय गर्नु कानून र फौजदारी न्यायको मान्य सिद्धान्त विपरीत हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल

कम्प्युटरः रानु पौडेल

संवत् २०६६ साल असार ९ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ र ३६०५ सालको फौ.पु.नं. ३३५५, सवारी ज्यान, *नेपाल सरकार समेत वि. विष्णुहरि महर्जन समेत*

सवारी चालक अनुमति पत्र प्राप्त गर्न नसकेको अवस्थामा सवारी चलाउन आवश्यक र पर्याप्त कुशलता, दक्षता र योग्यताको अभाव रहेको देखिने र यस्तो दक्षता र कुशलता नभए पनि सवारी चलाउँदा ठक्कर लागी वा किची मानिस मर्न सक्छ भन्ने जान्नु पर्ने अवस्थामा लापरवाहीपूर्वक सवारी चलाएको र त्यसबाट बाटोमा रहेको मानिसलाई ठक्कर लागी मृत्यु भएकोले निजले लापरवाहीपूर्वक सवारी चलाएको र दफा १६१(२ ) बमोजिम कसूर भएको देखिने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल जेठ २१ गते रोज ३ शुभम् ।

६.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गिरीशचन्द्र लाल,** ०६४-WO-०१७९, परमादेश, बंशीधर *डंगोल समेत वि. अशोक महर्जन समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३३ र ३३क बमोजिम न्यायिक अधिकार गा.वि.स. ले प्रयोग गर्ने सम्बन्धी कानूनी व्यवस्था नै लागू भई नसकेको अवस्थामा गा.वि.स. लाई सो अधिकार प्रयोग गर्नु भनी आदेश दिन नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

७.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ८८८२ र ८८८३ अंश दपोट, *कौशल्यादेवी यादव वि. गंगाई यादव*

अंशवण्डाको २७ नं. बमोजिम दपोट गरेको ठहरेको जग्गा नदबाउने अंशियारहरू सत्यनारायण यादव र बन्दन यादवसमेतले ऐन बमोजिम पाउने नै देखिँदा निजहरूको पनि अंश भाग लगाई वादीले दुई भाग पाउने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल असार २६ गते रोज ६ शुभम् ।

## इजलास नं.८

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. रणबहादुर बम,** २०६३ सालको रिट नं.३३०९, उत्प्रेषण, *किशोरप्रसाद लामिछाने समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

वैकल्पिक उपचारको मार्ग प्रशस्त भैरहेको अवस्गामा रिट क्षेत्रमा प्रवेश गर्न नमिल्ने हुनुका अतिरिक्त अंशियारमध्येका कसैको नामबाट हक हस्तान्तरण भएको अवस्थामा हक प्राप्त गर्ने तेस्रो व्यक्तिले चलिआएको बाटो उपभोग गर्न पाउने हकमा असर पर्ने गरी आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

इति संवत् २०६६ साल बैशाख २४ गते रोज ५ शुभम्

२.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको दे.पु.नं. ९८५१, हक कायम, *कृष्णकुमार कान्दु बानिया समेत वि. लक्ष्मीना बढैनी समेत*

जग्गादाता प्रतिवादीले राजीनामा गरी हक हस्तान्तरण गर्दा साबिक तथा हालको क्षेत्रफल समेत खोली हक हस्तान्तरण गरेको कित्ताको सम्पूर्ण जग्गा वादीहरूलाई विक्री गरी आफूलाई कत्ति पनि बाँकी नराखेको अवस्थामा बढी भएको भनिएको जग्गामा प्रतिवादीको हक हुने नभई साबिकको क्षेत्रफलसमेत

खुलाई राजीनामा गरिलिएको देखिँदा वादीहरूको हक हुने ।
इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको रिट नं. ३०६७, उत्प्रेषण परमादेश समेत, *इब्राहिम मन्सुरी वि. पुनरावेदन अदालत, राजविराज सप्तरी समेत*

पहिलो पटकको डाक लिलाम निवेदक भन्दा बाहिरको तेस्रो व्यक्तिले पञ्चकृते मोलमा लिलाम सकार गर्दागर्दै अनिवार्य रूपमा दोस्रो पटक लिलाममा लैजानु पर्ने भन्ने जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(७) को नियमावलीको मनसाय नदेखिने ।
इजलास अधिकृत : कमलप्रसाद पोखरेल
इति संवत् २०६५ साल चैत १४ गते रोज ६ शुभम् ।

४.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री अवधेशकुमार यादव,** संवत् २०६१ सालको रिट नं. ३२२८, उत्प्रेषण परमादेश समेत, *शम्भुनाथ प्रसाद शाह वि. वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को सञ्चालक समिति धनुषा समेत*

कुनै व्यक्तिको हक अधिकार हनन् भएको अवस्थामा कुनै कानूनमा सो हनन् भएको हक अधिकारको उपचारको लागि कुनै निश्चित उपचारको प्रक्रिया र उपचार प्रदान गर्ने अधिकारी तोकिएको भए सो प्रक्रियाको अवलम्बन गरी तोकिएको अधिकारीसमक्ष नै उपचार माग गर्न जानुपर्ने ।
इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।
यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६१ सालको रिट नं.२८२४, *शम्भुनाथ प्रसाद साह समेत वि. सञ्चालक समिति, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को समेत*
- २०६४ सालको रिट नं.००९०, *सावित्री गिरी वि. सञ्चालक समिति, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को समेत*
- २०६४ सालको रिट नं.००९१, *मोहन सिंह वाँनिया वि. कार्यकारी निर्देशक, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को समेत*

५.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको रिट नं. ११६४, प्रतिषेध, *भीमराज थापा वि. शिक्षा तथा खेलकुद मन्त्रालय समेत*

आफू नियुक्त हुनु भन्दा अगाडि प्रचलनमा रहेको कानूनमा व्यवस्था भएको अधिकार निवेदकले पाउने भन्न मिल्दैन । शिक्षासम्बन्धी ऐन नियममा विद्यालयका कर्मचारी ६५ वर्षसम्म सेवामा कार्यरत् रहन पाउने कानूनी व्यवस्था नदेखिएकाले निवेदक ६५ वर्षसम्म सेवामा कार्यरत् रहन पाउने भन्न नमिल्ने ।
इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ १ गते रोज ६ शुभम् ।

६.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६४ सालको दे.पु.नं. ००५३, कर्तव्य ज्यान, *दिनेश पाण्डे समेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको वयान स्वाभाविक देखिएको, निजहरूको उक्त वयान निजहरूलाई यातना दिई वा यातना दिने धम्की दिई निजहरूको ईच्छाविपरीत गराइएको भन्ने नदेखिएको साथै प्रत्यक्षदर्शीको भनाइबाट उक्त वयान पुष्टि भैरहेको अवस्थामा कुनै आधार प्रमाणबाट पुष्टि नभएको अदालतसमक्षको इन्कारी वयान विश्वासयोग्य देखिन आएन । निजहरूको अनुसन्धान अधिकारी समक्ष भएको साविती वयान प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार निजहरूको विरुद्धमा प्रमाण लाग्ने ।
इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल बैशाख ३० गते रोज शुभम् ।

७.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. WO-१०६५, उत्प्रेषण, *दीप गिरी वि. प्रहरी प्रधान कार्यालय समेत*

कागज गराएको देखिन आएको अवस्थामा प्रचलित कानूनबमोजिमको उपचार खोज्न सक्ने नै

हुँदा मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृत:: रमेशप्रसाद ज्ञवाली
इति संवत् २०६५ साल जेठ ८ गते रोज ६ शुभम् ।

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको दे.पु.नं. ९०५८, बाली बिगो, *दिवाकरप्रसाद साह वि. चन्द्रेश्वरप्रसाद साह व्याहुत सुडी*

आफ्नो हक कायम भएको जग्गाको वाली झगडा परेकै कारणले अर्को पक्षले खाने र हक पुग्ने व्यक्तिले दावी गर्न झगडा परेकै कारणले झगडाको आखिरी टुंगो नलागेसमम नपाउने तथा झगडाको टुंगो लाग्न लामो समय लागेमा अन्यायी पक्षले खाएको बाली हकवालाले नपाउने हुने भई वास्तविक हकवाला बाली खानबाट पराजीत हुने र हकै नपुगेको व्यक्ति लाभान्वित हुने हुँदा हकवालाले हक निश्चित भएपछि हदम्यादभित्र परेको फिराद दावीलाई हदम्याद सम्बन्धमा व्यवस्थित ज.मि. को १८ नं. लाई सिरानी हाली तीन वर्षको मात्र वाली पाउने भन्न नमिल्ने ।
इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली
इति संवत् २०६६ साल जेठ ८ गते रोज ६ शुभम्
यसै प्रकृतिका निम्न मुद्दाहरूमा यसै अनुरूप निर्णय भएका छन्:

- २०६१ सालको दे.पु.नं. ९०६०, वाली बिगो, *दिवाकरप्रसाद साह वि. राधाप्रसाद साह*
- २०६१ सालको दे.पु.नं. ९०५९, वाली बिगो, *दिवाकरप्रसाद साह वि. चन्द्रेश्वरप्रसाद साह*

९.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. १९२/००८२, कर्तव्य ज्यान, *दुर्गाप्रसाद गड्तौला वि. नेपाल सरकार*

अधिकारप्राप्त अधिकारीसमक्षको वयानलाई स्वेच्छाविरुद्धको वयान हो भनी विश्वास गर्न सकिने मनासिव आधार र प्रमाण प्रतिवादीबाट प्रस्तुत हुन सकेको नदेखिँदा अधिकारप्राप्त अधिकारी समक्षको वयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजको विरुद्ध प्रमाणमा ग्रहण गर्न मिल्ने ।
इजलास अधिकृत : कमलप्रसाल पोखरेल
इति संवत् २०६५ साल चैत १२ गते रोज २ शुभम्

१०.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३७२६, मूल्य अभिवृद्धि कर, *महेशकुमार अग्रवाल वि. आन्तरिक राजश्व विभाग, काठमाडौँ*

विधायिकाले बनाएको स्पष्ट कानूनको अभावमा अनुमानको आधारमा कर लगाउन नमिल्ने हुँदा त्यस्तो प्रष्ट कानूनी व्यवस्था छैन भनी जानी-जानी सर्टेजमा कर लगाउने र असूल उपर गर्ने कार्य अन्तरिम संविधानको धारा ८९ को विपरीत हुनुको साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को समेत विपरीत देखिने ।
इजलास अधिकृत : कमलप्रसाद पोखरेल
इति संवत् २०६५ साल चैत १० गते रोज २ शुभम् ।

११.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको फौ.पु.नं. ५५९/४३२, लागू औषध, *कपिल वानिया समेत वि. नेपाल सरकार, शंकर महर्जन वि.नेपाल सरकार*

अधिकारप्राप्त अधिकारीसमक्ष भएको सावितीलाई अदालतसमक्षको वयानमा इन्कार गरेको देखिए पनि निजको स्वेच्छा विपरीत सावित गराएको भए सोको युक्तियुक्त प्रमाण देखाउनु पर्नेमा सो नपाइदा अदालतमा आएर इन्कारी वयान गर्दैमा अन्य प्रमाणहरू बरामदी मुचुल्का, सहअभियुक्तको वयानलगायत साक्षीहरूको अदालतसमक्ष समेतको बकपत्रबाट समर्थित अधिकारप्राप्त अधिकारीसमक्षको साविती वयानलाई प्रमाणमा लिनबाट अस्वीकार गर्न नमिल्ने ।
इजलास अधिकृत : कमलप्रसाद पोखरेल
इति संवत् २०६५ साल चैत १२ गते रोज १२ शुभम् ।

## इजलास नं. ९

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ९२१९, लिखत दर्ता बदर समेत, *तिलरुपा दवाडी समेत वि.फुलकुमारी राई समेत*

वादीमध्येका प्रशान्त दवाडी २१ बर्ष उमेर पुगेको देखिएन । यसबाट प्रतिवादी कुवेर दवाडीले उक्त सगोलको सम्पत्ति बिक्री गर्दा श्रीमती तिलरुपा दवाडीको मञ्जूरी नलिएकोसम्म उक्त मुलुकी ऐन अंशवण्डाको १९(१) ले कानून विपरीत देखियो । वादीमध्येका प्रशान्त दवाडी २१ वर्ष उमेर पूरा भएको नदेखिँदा निजको मञ्जूरी नलिई प्रतिवादी कुवेर दवाडीले बिक्री व्यवहार गर्नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम्

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं. ८९२३, अपुताली हक कायम, *रामसेवक कुर्मी समेत वि. वि.अदालत कुर्मी समेत*

मृतक सहदेवका अन्य श्रीमती, छोरा, नाति समेत कोही नहुँदा विवाहित छोरी भएसम्म भतिजासमेतका प्रतिवादीहरूले मर्ने व्यक्तिको अपुताली प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल बैशाख २८ गते रोज २ शुभम्

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६० सालको दे.पु.नं. ८९२४, हक कायम, *रामसेकव कुर्मी वि. अदालत कुर्मी*
- २०६० सालको दे.पु.नं ३४१५, जालसाजी, *रामसेकव कुर्मी वि. अदालत कुर्मी*

३.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको दे.पु.नं. ८८९३, बकसपत्र लिखत दर्ता बदर दर्ता, *सोमरियादेवी वि. ब्रम्हदेव महतो समेत*

प्रमाण ऐन, २०३१ को दफा ६ बमोजिम अन्यथा प्रमाणित नभएसम्म एकासगोलको जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति मानिन हुँदा सो सम्पत्तिमा सबै अंशियारको हक लाग्ने ।

इजलास अधिकृत: पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल असार २३ गते रोज ३ शुभम् ।

४.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री अवधेशकुमार यादव,** ०६३-CI-०१४४, हक कायम लिखत बदर समेत, *विजयकुमार के.सी. समेत वि. भीमसेन के.सी. समेत*

कुनै व्यवहार वा कारोवार समेट्ने गरी कुनै ऐन नियमको व्यवस्था गरिएको भए त्यस्ता व्यवहार वा कारोवारलाई सोही ऐन, नियम अन्तर्गत नै भए गरेको मानी हेर्नुपर्ने ।

इजलास अधिकृत: पुष्पराज थपलिया

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६३ साल असार २३ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको २०६३-CR-००९२, जालसाजी, *विजयकुमार के.सी. समेत वि. भीमसेन के.सी.समेत* भएको मुद्दामा यसैअनुरूप फैसला भएको छ ।

५.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६५-CR-०२७१, ठगी, *नेपाल सरकार वि. विनाराम खड्का समेत*

हदम्यादसम्बन्धी प्रश्न नै टड्कारो रहेको देखिँदा खारेज गर्नुपर्नेमा प्रतिवादी दीपक श्रेष्ठलाई सफाई दिई अन्य प्रतिवादीलाई ठगीको कसूर कायम गरी सजाय गर्ने गरेको शुरु बाँके जिल्ला अदालतको फैसला उल्टी भई ठगीको परिभाषा भित्र नपरेको र हदम्याद नाघी दायर हुन आएको प्रस्तुत अभियोगपत्र मुलुकी ऐन अ.वं. १८० नं. बमोजिम खारेज हुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम्

६.

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३-WO-०२६७, उत्प्रेषण मिश्रित परमादेश समेत, *घनश्याम दास पाण्डे वि. गोदावरी देवी दास समेत*

फैसला कार्यान्वयन जस्तो विवादको अन्तिम परिणतिमा हस्तक्षेप गर्नु पर्दा अत्यन्त संयमित हुनुपर्ने ।

लेखाई वा टाइपको सामान्य त्रुटि सच्याउने नाममा फैसलामा उल्लिखित क्षेत्रफल नै सच्याउन नमिल्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ५ शुभम्

७.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु. नं. ९००९, फैसला बदर, *प्राणहीरा कंसाकार वि. केशरमान कंसाकार समेत*

एकपटक निर्णय भई मुद्दा अन्तिम भइसकेपछि पुनः सोही साझा श्राद्ध गुठी कायम हुनुपर्ने भनी अघिको मुद्दामा संलग्न नभए नरहेको गुठीयारका अन्य सन्तानबाट मुलुकी ऐन अ.वं. ८६ नं को आधारमा मुद्दा गर्दै जाने र अदालतले निर्णय गर्दै जाने हो भने मुद्दाको कहिल्यै अन्त्य नहुने हुन्छ र एकपटक अदालतबाट निर्णय भएपछि मुद्दाको अन्तिम हुने (Finality of Judgement) सिद्धान्तको समेत प्रतिकूल हुन जाने ।

इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटरः धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ ५ गते रोज ३ शुभम्

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ९००८, गुठी धर्मलोप दर्ता बदर हक कायम, *प्राणहीरा कंसाकार वि. केशरमानज कंसाकार समेत* भएको मुद्दामा असैअनुरूप निर्णय भएको छ ।

८.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको रिट नं. ००८६, उत्प्रेषण, *हिलटेक इलेक्ट्रिकल एण्ड रेफ्रिजेरेशन प्रा.लि. टंकीसिनवारी, मोरङ्ग वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले उठाएको विषयवस्तुमा वैकल्पिक कानूनी उपचारको व्यवस्था भएको देखिई रिट क्षेत्रबाट उपचार प्रदान गर्न नमिल्ने भएकोले निवेदन दावीअनुसारको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : शिशिरराज ढकाल
कम्प्युटर : नारायणप्रसाद आचार्य
इति संवत् २०६६ साल जेठ २४ गते रोज १ शुभम्

९.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको स.फौ. नं. ३२२, ठगी, *नेपाल सरकार वि. श्याम के.सी. समेत*

अभियोग दावीअनुसार जाहेरवालाहरूको रकम ठगी गरी खाए मासेको भन्ने शंकारहित तवरबाट पुष्टि हुने प्रमाण पेश गर्न सकेको नदेखिँदा सहकारी संस्थाको सदस्य भएकै नाताले यिनीहरूले जाहेरवालाहरूको रकम खाए मासेका होलान् भनी अनुमान गरी अनुमानलाई मात्र आधार बनाई सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल
इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

१०.

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ८०३८ र ८०३९ अंश, *शालिकराम अधिकारी समेत वि. झ्यापी अधिकारी*

रजिष्ट्रेशन पारित नभएको तथा नावालकले गरेको कानूनी मान्यताप्राप्त गर्न नसक्ने कागजमा भएको ल्याप्चे सहीछाप भिडेको भन्ने कुराले कुनै अर्थ नराख्ने ।

नावालकले गरिदिएको अ.वं. २४ को प्रक्रिया नपुगेको अमान्य र निरर्थक कागजका आधारमा कुनै न्यायिक अवधारणा बनाउन सकिँदैन । यस्तो कागजको व्यहोराले कुनै प्रामाणिक बल राख्दैन । यस्तो लिखतलाई जालसाजी घोषित गरिरहने नपर्ने ।

२०३४ सालभन्दा अगाडि घरसारमा नरमगरम मिलाई अंश छुट्टिएको देखिनका लागि अंशियारहरूका बीचमा समान रूपमा सम्पत्ति वण्डा भएको र भोग बिक्री व्यवहार देखिन अंशवण्डाको ३० नं. ले अनिवार्य हुने ।

इजलास अधिकृत : शिरिशराज ढकाल
कम्प्युटर : धनबहादुर गुरुङ्ग
इति संवत् २०६६ साल जेठ २० गते रोज ४ शुभम् ।

## इजलास नं.१०

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३-WO-३२८८, उत्प्रेषण, *अनीताकुमारी यादव वि. महिला विकास शाखा, सिरहा समेत*

निवेदिकाको कुनै कानूनी तथा संवैधानिक हक अधिकारमा अनावश्यक रुपले हनन् हुने गरी अवकाश दिएको नभै पद नै कटौतीमा समेत परेको कारणले सरकारको नीतिगत निर्णयबमोजिम सामाजिक

परिचालिका पदबाट दिएको अवकाश पत्र बदर गरी रिट जारी गर्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल असार १ गते रोज २ शुभम् ।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ०३५८, अपुताली हक कायम, *हेमराज न्यौपाने समेत वि. ज्ञानराज न्यौपाने*

अंशवण्डाको लिखत पारित गरी भिन्न भै बसेको अवस्थामा रजिष्ट्रेशनको १ नं. बमोजिम मानो जोडिएको लिखतको अभावमा पुनः सगोलमा बसेको भनी मान्न नमिल्ने र सो अवस्थामा वण्डापत्रसमेत बमोजिम यी वादी तथा प्रतिवादीका बाबुले प्राप्त गरेको अंश भागको तथा निजको श्रीमतीको मृत्युपश्चात् प्राप्त सम्पत्तिमा वादीको र प्रतिवादीको समान अवस्था विद्यमान रहेकाले अपुतालीमा सबै छोराको समान हक हुने भएकोले बाबुको नाउँको सम्पत्तिमा हकवालाको रूपमा यिनै वादी तथा प्रतिवादीहरू चार जना छोरा मात्र देखिन आउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ०३५९, *हेमराज न्यौपाने समेत वि.ज्ञानराज न्यौपाने* भएको मुद्दामा यसै अनुसार फैसला भएकोछ ।

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको फौ.पु.नं. ०१३९, लिखित अपमान र बेइज्जती, *सतीशकुमार बजाज वि. निरञ्जनकुमार टिबडेवाल*

प्रतिवादीले वादीलाई लेखेको पत्रबाट वादीको अस्पताल प्रतिको व्यवहारको आलोचना गर्दै त्यसबाट अस्पतालको ठीक ढँगले सञ्चालनमा वाधा पुगेको तर्फ प्रतिवादीको चिन्ता र सरोकार दर्शाइएको समेत देखिँदा वादीले पहिला गरेको भनिएको कार्यलाई रोक लगाउन र सचेत तुल्याउनका लागि लेखिएको सो पत्र अपमान वा वेइज्जती गर्ने उद्देश्यले लेखिएको भन्न नमिल्ने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

४.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको फौ.पु.नं. ३७१५, वाली लुटपीट, *केशवप्रसाद सुवेदी वि. ध्रुवराज सुवेदी समेत*

लुटपीटको फौजदारी कसूर ठोस प्रमाणवेगर वादीको भनाई र निजले आफ्नो नाउँमा कुनै जग्गाको मोहियानी कायम गराएको आधारमा मात्र कायम हुन नसक्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको फौ.पु.नं. ३७१६, वाली लुटपीट, *केशवप्रसाद सुवेदी वि. ध्रुवराज सुवेदी समेत* भएको मुद्दामा यसैअनुरूप फैसला भएको छ ।

५.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको दे.पु.नं. ८९५५, लेनदेन, *भगनी वनिया वि. ओमबहादुर पौडेल*

ऋण लिएको कुरालाई प्रतिउत्तरमार्फत लिखित रूपमा स्वीकारेको अवस्थामा अ.वं. ७८ नं. समेतको प्रक्रिया पूरा हुनुपर्छ भन्ने प्रतिवादीको जिकीर मनासिव नदेखिने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

६.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६३ सालको फौ.पु.नं. १९६, सवारी ज्यान, *नेपाल सरकार वि. वावुराम वि.क. समेत*

सवारी चालक अनुमति पत्र प्राप्त नगरेका व्यक्तिलाई सवारी चलाउन दिएको सवारी धनी बासुदेव दुवाडीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(५) अनुसार सजाय हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल जेठ २१ गते रोज ५ शुभम् ।

७.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ०६०५, प्रतिलिपि अधिकार उल्लंघन, *नेपाल सरकार वि. यादव दवाडी*

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३५(२) ले यस ऐनअन्तर्गतका मुद्दाको कारवाही र

किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाइनेछ भनिएकाले म्याद, हदम्याद कार्यविधि ऐनका अभिन्न अंग हुन् । संक्षिप्त कार्यविधि ऐनले तोकिदिएको म्यादभित्रै पुनरावेदन दायर हुनुपर्ने । कार्यविधिका हकमा जुन कानूनको अवलम्बन हुनुपर्छ भनी विधिकर्ताले तोकेको हुन्छ, त्यसलाई अन्यथा रुपान्तरण गर्न कानूनसँगत नहुने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल साउन २५ गते रोज १ शुभम् ।

८.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९२४५ र २०६२ सालको दे.पु.नं.८५५३, अंश, *सिँहबहादुर तामाङ समेत वि. लालबहादुर तामाङ समेत*

निजी तवरले दान वा बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति निजी ठहरी आफूखुशी गर्न पाउने र सो सम्पत्ति बण्डा गर्न कर नलाग्ने भन्ने अंशबण्डाको १८ नं. मा कानूनी व्यवस्था रहेको पाइन्छ । आफूखुशी गर्न पाउने स्वतन्त्र हैसियत सो सम्पत्तिमा प्राप्त गर्ने व्यक्तिमा निहीत रहेको हुन्छ । सो सम्पत्तिमा दावी गर्न अंशियारमा हक नै हुदैन । हक नै नपुग्ने व्यक्तिले दावी गर्नु निजको सो दावी निरर्थक हुनजाने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

९.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९२४६, लिखत बदर, *च्यामोडोल्मु तामाङ वि. लालबहादुर तामाङ समेत*

निजी ज्ञान सीप आर्जनको र सोबाट बढे बढाएको स्वआर्जनको सम्पत्ति नदेखिएको अवस्थामा सगोलमा रहँदा प्राप्त गरेको सम्पत्ति सगोलको ठहर्ने र सबै अंशियारलाई अंश लाग्ने ।

सगोलको परिवारमा रहेको सम्पत्ति कुनै व्यहोराले हक छाडी कसैलाई दिँदा सगोलमा रहेका सबै अंशियारको स्वीकृति अनिवार्य हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको २०६१ सालको दे.पु.नं. ९२४७, *च्यामोडोल्मु तामाङ वि.लालबहादुर तामाङ समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१०.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको फौ.पु.नं. ३६५६, जवर्जस्ती करणी, *श्री ५ को सरकार वि. कप्रसाद (परिवर्तित नाम)*

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा ६ वर्ष र ऐ. ऐनको हाडनाता करणीको २ नं. ले ३ वर्ष कैद हुनेमा सोको आधा डेढ वर्ष समेत गरी जम्मा कैद वर्ष ७ वर्ष ६ महिना गर्नुपर्नेमा जवर्जस्ती करणीको उद्योगसम्म ठहऱ्याई हाडनाता करणीतर्फ थप कैद वर्ष ३ को आधा गर्न नमिल्ने । साथै निज पीडितले तत्काल प्रचलित जवर्जस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीको अंशबाट आधा अंश समेत पाउने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल असार ३० गते रोज ३ शुभम् ।

११.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या श्री भरतराज उप्रेती**, साधक नं. RC-०१००, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामप्रसाद चौधरी*

कसूर गरेको भन्ने कुरा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको वयानको अलावा घटनास्थल तथा लाश जाँच प्रकृति मुचुल्का, घटनाका प्रत्यक्षदर्शी, जाहेरवाला लगायतले गरेको बकपत्रसमेतका आधारले पुष्टि गरेको हुँदा साधकको रोहबाट यी प्रतिवादी रामप्रसाद चौधरी निर्दोष रहेको सबूद प्रमाण देखिन नआएकोले निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

१२.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या श्री भरतराज उप्रेती,** साधक नं. २०६५ RC-००९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजिन्दर उराव*

बन्चरो जस्तो घातक हतियारले धारबाट प्रहार गरोस् वा धार नभएको पासोतिरबाट प्रहार गरोस् सोको मार घातक नै हुन्छ । यस्तो घातक हतियारले मानिसलाई प्रहार गर्दा मानिसको मृत्यु हुन सक्छ भन्ने कुरा सबैले अनुमान गर्ने कुरा हो । सामान्य

समझ भएको मानिसले त्यसो गर्न सक्दैन । अति नै हिंस्रक बनी संवेदनशील अंग टाउको तथा गर्धनमा जोखिमी हतियारले प्रहार गरी क्रूरतापूर्वक मारेको स्थितिमा मनसाय तत्वको विद्यमानता थिएन भनी मान्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या श्री भरतराज उप्रेती,** साधक नं. २०६५ RC-००७४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामप्रसाद गिरी समेत*

पूर्व इविलाग रहेको व्यक्तिसँग पुनः वादविवाद भएको र रातको समयमा धारिलो हतियार साथमा लिई गई सांघातिक हमला गरी मृतकको छातीमा प्रहार गरी मारेको स्थितिमा मनसाय तत्वको विद्यमानता थिएन भनी मान्न नमिल्ने हुँदा अ.वं. १८८ नं. को प्रयोग गरी कम सजाय गर्न नमिल्ने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

१४.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या श्री भरतराज उप्रेती,** २०६५-RC-००५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गीता रेग्मी*

परधर्मी परपुषसँगको अवैध यौन सम्बन्धबाट बच्चा जन्माएकी र सामाजिक लाञ्छना र लोकलाजबाट बच्न जातक बच्चाको हत्या गरेको वारदातको प्रकृति र स्वरुपलाई विचार गर्दा सजाय घटाउन सिफारिश भई आएको राय अन्यथा नदेखिने ।

इजलास अधिकृत : दीपक ढकाल
इति संवत् २०६६ साल असार २१ गते रोज १ शुभम् ।

१५.

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ०४१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि.सत्यनारायण यादव समेत*

श्रीमान् श्रीमतीबीच चलेको अंशसम्बन्धी विवादको विषयमा अंशियार बाहेकका व्यक्ति यी प्रतिवादीहरूले ज्यान मार्ने जस्तो सँगीन कार्यमा साथ दिए होलान् भनी प्रत्यक्ष प्रमाणको अभावमा यी प्रतिवादीहरूको संलग्नता पुष्टि हुन नसकेको अवस्थामा कल्पना गरी सजाय गर्न न्यायोचित नहुने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय
इति संवत् २०६६ साल जेठ ३१ गते रोज शुभम् ।

## एकल इजलास

१.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ,** २०६६ सालको नि.नं. ०६६-AD-००२३, उत्प्रेषण, वेरीतको आदेश बदर गरिपाऊँ, *अजयकुमार यादव वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

पहिले दर्ता भएको रिट निवेदनमा कारण देखाउ आदेश समेत जारी नभई प्रारम्भमै खारेज भइरहेको अवस्थामा पुनः त्यसै विषयलाई अँगाली अदालतमा दर्ता गर्न ल्याएको अर्को रिट निवेदन दर्ता हुन नसक्ने भनी यस अदालतका रजिष्ट्रारबाट भएको दरपीठ आदेश मिलेकै देखिने ।

संवत् २०६६ साल भदौ ३ गते रोज ४ शुभम्

२.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ,** २०६६ सालको नि.नं. ००४६, वेरीतको आदेश बदर गरिपाऊँ, *सामान्य प्रशासन मन्त्रालय वि. जीवराज गौतम*

मुद्दाको रुप नै धारण गरी नसकेको पुनरावलोकनको निवेदन दर्ता गर्ने सम्बन्धमा ऐनले निर्दिष्ट गरेको हदम्याद व्यतीत भएपछि अ.वं. ५९ बमोजिम त्यस्तो हदम्याद थाम्न नमिल्ने ।

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ,** २०६६ सालको निवेदन नं. ०२१४, कोर्टफीको सुविधा पाऊँ, *सस्मिता राणा वि. राकेश ज.ब. राणा*

सम्पत्तिसमेत वण्डा गरी वादीले छुट्याई लिइसकेको अवस्था नहुँदा सो सम्पत्तिको भोग यी निवेदकमै रहेको भन्ने देखिँदा निवेदकले यस अदालतमा पुनरावेदन पत्र दर्ता गर्दा लाग्ने कोर्ट फी तिर्नै नसक्ने अत्यन्त गरीव व्यक्ति भन्ने नदेखिँदा कोर्ट फी ऐन, २०१७ को दफा २३ बमोजिमको सुविधा प्रदान गर्न नमिल्ने ।

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

# सर्वोच्च अदालत गतिविधि

## सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझीसँग रुसी महासंघको सर्वोच्च अदालतको महामहिम प्रधान न्यायाधीश श्री भेचेस्लेभ एम.लेभेदेभ (Vyacheslav M. Levedev) को भेट



Vyacheslav Mikhailovich Lebedev, Chief Justice of the Supreme Court of the Russian Federation with Chief Justice of Nepal, Min Bahadur Rayamajhi

नेपालको औपचारिक भ्रमणमा रहनु भएका रुसी महासंघका प्रधान न्यायाधीश महामहिम श्री भेचेस्लेभ एम. लेभेदेभ (Vyacheslav M. Levedev) ले आफ्नो भ्रमण दलका अन्य सदस्यसहित यहि २०६६ भदौ ११ गते प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीसँग सर्वोच्च अदालतमा शिष्टाचार भेट गर्नु भयो ।

महामहिम प्रधान न्यायाधीशलाई सर्वोच्च अदालतको विशिष्ट कक्षमा हार्दिक स्वागत गर्दै सम्माननीय प्रधान न्यायाधीश श्री मीनबहादुर रायमाझीले नेपालको न्याय प्रणाली र न्यायपालिकाले हालसम्म हासिल गरेका उपलब्धिहरू तथा सुधारका लागि हाल लागू गरिएका योजनाहरूका बारेमा अवगत गराउनु भएको थियो ।

संक्रमणकालीन अवस्थामा मानव अधिकारको रक्षा, मौलिक हकको संरक्षण, विधिको शासनको प्रभावकारीताका लागि न्यायपालिकाको भूमिका अझ बढी सक्षम हुनुपर्ने कुरामा जोड दिनु हुँदै भेटका अबसरमा दुई देशबीचको न्यायपालिकाका क्षेत्रमा गर्नुपर्ने द्विपक्षीय सहयोगका विषयहरूमा छलफल भएको थियो । सम्माननीय प्रधान न्यायाधीशसँगको भेटपश्चात् महामहिमले सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूसँग भेट गर्नु भएको थियो ।

## खास प्रकृतिका मुद्दाहरू खास न्यायाधीशहरूको समूहले हेर्ने गरी समूह गठन

सर्वोच्च अदालत नियमावली, २०४९ मा २०६६ साल भदौ १ गतेदेखि दशौं संशोधन भयो । संशोधित नियमावलीको नियम ९(२) मा प्रधान न्यायाधीशले खास प्रकृतिका मुद्दाहरू खास न्यायाधीशहरूको समूहले हेर्ने गरी समूह गठन गर्न सक्नेछ भन्ने व्यवस्था भएको छ । सोबमोजिम सर्वोच्च अदालतमा विचाराधीन मुद्दाहरूलाई न्यायाधीशहरूको समूह बनाई जिम्मा लगाइएमा मुद्दाको कारवाहीमा न्यायाधीशहरूको जवाफदेहीता वृद्धि भई फछ्र्यौटमा तदारुकता आउन सक्ने देखिन्छ ।

यो व्यवस्था सूत्रपात गर्ने सिलसिलामा नेपाल वार एशोसिएशन र सर्वोच्च अदालत बार

एशोसिएशनका पदाधिकारीहरू लगायत अन्य कानून व्यवसायीहरूसँग समेत छलफल र अन्तरक्रियाद्वारा २०६६ साल साउन मसान्तसम्ममा पाँच वर्ष पुगेका निम्न मुद्दाहरूमा देहायअनुसारका न्यायाधीशहरूको समूह बनाई तोकिएका मुद्दाहरू सोही समूहका न्यायाधीशहरू मध्येबाट कारवाही किनारा हुने गरी तोकिएको छ ।

१. २०६६ साल साउन मसान्तसम्ममा ५ वर्ष पुगेका मुद्दाहरूको संख्या जम्मा १०६९ रहेका छन् । ती मध्येः-

(क) फौजदारीतर्फ १४३
(ख) रिट/वाणिज्यतर्फ २१५
(ग) देवानीतर्फ ७११

२. माथि उल्लेख भएका तीन समूहका मुद्दाहरूका लागि निम्नबमोजिम न्यायाधीशहरूको तीन समूह बनाइएको छः-

**रिट र वाणिज्य समूहमाः–**

मा.न्या.श्री अनूपराज शर्मा - संयोजक
मा.न्या.श्री प्रेम शर्मा
मा.न्या.श्री भरतराज उप्रेती

**फौजदारी समुहमाः–**

मा.न्या.श्री रामप्रसाद श्रेष्ठ - संयोजक
मा.न्या.श्री ताहिर अली अन्सारी
मा.न्या.श्री मोहनप्रकाश सिटौला

**देवानी समूहमाः–**

मा.न्या श्री खिलराज रेग्मी - संयोजक
मा.न्या.श्री गौरी ढकाल
मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला
मा.न्या.श्री रणबहादुर बम
मा.न्या.श्री प्रकाश वस्ती

**यी मुद्दाहरूका हकमा**

३. आउने हप्ताका लागि पेश हुने मुद्दाहरूको टिपोट अघिल्लो शुक्रबारसम्ममा उपलब्ध गराउने,
४. नियमावलीको नियम ६३(१क) बमोजिम समूहबाट हेर्ने गरी तोकिएका मुद्दाहरूका हकमा साप्ताहिक पेशी सूची तयार गर्दा समूहअनुसारको छुट्टाछुट्टै सूची तयार गर्ने,
५. समूहका लागि तोकिएका मुद्दाहरूमा टिपोट बुझ्ने र सम्बन्धित न्यायाधीशहरूलाई बुझाउने लगायतका कामका लागि समन्वय गर्न प्रत्येक इजलासमा एकजना इजलास अधिकृतलाई तोक्न आवश्यक पर्ने हुँदा देहायका इजलासका देहायका अधिकृतहरूलाई सम्बन्धित समूहको कार्यमा समन्वय समेत गर्ने गरी तोक्नेः

इजलास नं.१ :
इजलास अधिकृत श्री कविप्रसाद न्यौपाने
इजलास नं.२ :
इजलास अधिकृत श्री स्वीकृति पराजुली
इजलास नं.३ :
इजलास अधिकृत श्री अर्जुन अधिकारी

६. समूहगत प्रणाली अन्तर्गत तोकिएका मुद्दाहरूमा पेशी स्थगित नगर्न नेपाल बार एशोसिएशन र महान्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्ने,
७. समूहगत प्रणालीअन्तर्गत तोकिएका मुद्दाहरूको सुनुवाई हप्तामा आइतवार, सोमवार र मंगलवार मात्र गर्ने,
८. समूहगत प्रणाली अन्तर्गत तोकिएका मुद्दाहरूमा हेर्दाहेर्दै / नि.सु. राख्दा यी मुद्दाहरू हेरिने दिन पारेर राख्न समन्वयका लागि तोकिएका अधिकृतले व्यवस्थापन गरी मुद्दाको सुनुवाई हुने व्यवस्था भएको छ ।